

ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पूरुषका
करकमल बाट पोखिएको अमृतको ग्रन्थ

# "नारीधर्म तथा पूरुषधर्म"

# "नारीधर्म तथा पूरूषधर्म"

श्री गणेशाय नम

## दुई शब्द

१. पाश्चात्य भोगवादी सभ्यताको प्रभाव आज हाम्रा युवक-युवतीहरूमा स्पष्टरूपले देखापरेको छ । विज्ञानले संसारलाई निकट सम्पर्कमा ल्याइदिएको हुनाले तथा प्रचार-प्रसारका साधन प्रचुर मात्रामा भएको हुनाले यसरी एक संस्कृतिको प्रभाव अन्य संस्कृतिमाथि पर्नु स्वाभाविक नै हो। यी प्रभावहरू निश्चितरूपमा राम्रा छन् वा नराम्रा यस कुराको विचार अहिले छोडौ तापनि यी कुरा त निश्चित नै छन् कि पाश्चात्य संस्कृतिका यस्ता धेरै कुराहरू त हाम्रा संस्कृतिसँग मेल खादैनन् । यही कारणले गर्दा पुराना र नयाँ पिढीबीच एक खाल्टो ( Generation Gap ) उत्पन्न भैसकेको छ। यस दृष्टिले हेर्दा यो अन्तराल अति भयावह तथा विचित्र भएको छ। एक स्थिति यस्तो पनि छ कि नयाँ पिढी र पुरानो पिढीको तुलनामा नयाँ पिढीको आहार-विहार तथा गतिविधि पुरानो पिढीलाई सम्झन पनि कठिन भएको छ। त्यसै किसिमले पुरानो पिढीको व्यवहार नयाँ पिढीलाई सम्झन पनि उत्तिकै गाह्रो हुन्छ । पुरानो पिढीलाई सहसा सम्झनमा कठिन प्रतीत भैरहेको छ कि हाम्रो वर्तमान सन्तानहरू वर्तमान समयको हाँकलाई सामना गर्न समर्थ छन् वा छैनन्? तथा उनीहरूको दृष्टिमा वर्तमान पिढी अधिकाँस पथ-विमूढ जस्तो भएको छ ।

२. युवावस्थामा पुग्दा जीवनको पूर्ण शारीरिक विकासलाई प्राप्त भैसकेको भान भए तापनि मानसिक तथा बौद्धिक विकास भने परिपक्व स्थितिमा पुगेको हुदैन । युवावस्थाको आरम्भमा मानवभित्र अनन्त शक्ति अव्यक्त रूपमा सन्निहित हुन्छ तथा युवावस्थाको आरम्भकालमा यो अति तीव्ररूपले व्यक्त हुनलाई उद्यत रहन्छ। उदाहरणको लागि एउटा शक्तिशाली पाइन भएको स्प्रिङ लिउ, त्यसलाई खुल्न नदिई अंकुसी लगाएर थिची राखौं । त्यति बेला यो स्प्रिङमा एक प्रबल शक्ति निहित रहेको हुन्छ। त्यसकारण त्यो तीव्र रूपले विकसित भई शक्ति प्रस्फुटन गर्न उद्धत रहन्छ। त्यस बद्धशक्तिलाई उन्मुक्त गर्ने दुई तरीका छन् । एक लाभप्रद अर्को हानिप्रद, लाभप्रद तरीका यो छ कि त्यस स्प्रिङको मुखमा अनेक ठूलो, सानो र अतिसानो चक्रहरू लगाएर शक्तिको वेगलाई बिस्तार घटाउँदै ल्याएर रचनात्मक कार्यमा प्रयोग गर्ने । अर्को हानिप्रद तरीका यो छ कि अपरझट अंकुसी निकाली दिएपछि स्प्रिङ वेगसंग खुल्छ र खोल्ने तथा समीपवर्ती मान्छेहरूलाई चोट-पटक, घाउ आदि लगाउन सक्छ ।

त्यसै प्रकार युवावस्थाको विकसित शक्तिलाई युवावर्गले लाभप्रद तरीकाले प्रयोग गरे देश र समाजलाई लाभप्रद हुन सक्छ र यदि उच्छृङ्खलता पूर्वक बद्ध स्प्रिङको अंकुसी निकालेर खोलिदिए जस्तै स्प्रिङको बद्धशक्ति जस्तो युवावर्गको शक्ति समाजलाई हानिप्रद सिद्ध हुन सक्छ । यही कारणले युवावस्थामा युवक-युवतीमा महान् जोस, उत्साह तथा संसारमा आएर हामी केही देश वा समाजको लागि गरेर जाऔं भन्ने तीव्र लालसा हुन्छ। तर के गरुँ? कसो गरुँ? उसको आदर्श के हुनुपर्ने? त्यसको प्रेरणाको स्रोत के हो? उसको मार्गदर्शक को हुन् ? वर्तमान परिस्थितिहरूमा तिनीहरू यस्ता विवशताबाट प्रभावित भैराखेका छन्? यस्ता अनेक प्रकारको प्रश्न चिन्ह नयाँ पिढीको सामु दिन प्रतिदिन आइराखेका छन् ।

ख

३. नयाँ पिढीको उत्साह शक्ति– "केही गरेर जाऔं" को प्रबल ईच्छा प्रशंसनीय छ तर उसले के गर्ने? कुन सिद्धान्तको आदर्श

मान्ने उनीहरूको ध्रुवा के हुनुपर्ने? तथा उनीहरूको आदर्श के हुनुपर्ने? आदि कुराहरूको राम्ररी निष्पक्ष रूपले सोच-विचार गरेपछि आफ्नो नयाँ जोस र उत्साहलाई उचित तरीकाले प्रयोग गरेर संसारलाई स्वर्ग-तुल्य बनाउन उनीहरू सक्तछन् । हामीहरूलाई भविष्यमा एउटा यस्तो पिढीको नितान्त आवश्यक छ जसको घाँटी भन्दा तलको भाग युवा पुरुषको तथा मस्तिष्क एक अनुभवी वृद्ध पुरुषको होस् । यस प्रकारको नयाँ पुरुषले अथवा नयाँ पिढीले संसारलाई सुखी तथा शान्त अवस्थामा परिणत गर्न सक्तछ ।

४. राम्रो वा नराम्रो, उचित-अनुचित, धर्म-अधर्म, पाप-पुण्य, सुकर्म-कुकर्म, नैतिकता-अनैतिकता, एकै कर्मको परिस्थिति विशेष हुन् अथवा निर्धारित मर्यादाभित्र अथवा बाहिर रहेको स्थिति विशेष हुन् । हरेक कर्मको एक विभाजित रेखा हुन्छ। त्यस रेखाभित्र रही आफ्नो व्यवहार गर्नाले पुरुषले स्वयंलाई तथा समाजलाई सुरक्षित राख्दछ, मर्यादाको सीमा बाहिर जानाले उ सुरक्षित अथवा शान्त रहन सक्तैन । एकै काम निश्चित सीमासम्म जायज र त्यस सीमा बाहिर नाजायज पनि हुन्छ । त्यसै विभाजक रेखालाई भौगोलिकरूपले कुनै देशको सीमा भनिन्छ, सामाजिक रूपले त्यसै मर्यादालाई हामी जाति धर्म भन्दछौं र मर्यादाभित्र अथवा बाहिर जानेलाई पुण्य अथवा पाप भनिन्छ र राजनीतिक, कानूनी दृष्टिले त्यसै मर्यादाभित्र र बाहिर रहनलाई निरपराध अथवा अपराध भनिन्छ । मनुष्यले सधैं मर्यादाको सीमारेखाभित्र रही यावत् जीवन, आदर्शोन्मुख जीवन व्यतित गर्न प्रयत्नशील रहनु पर्दछ । ग

५. आजका जति जटिल प्रश्न चिन्ह नयाँ पिढी समक्ष आइराखेका छन् त्यसमा सबैभन्दा ठूलो प्रश्न चिन्ह—परिवारिक जीवन अथवा वैवाहिक जीवन आदर्श व्यवहार प्रधान चुनौतीको रूपमा छ। यसै उद्देश्यले हिन्दू धर्म अनुसार पारिवारिक जीवन अर्थात् पति-पत्नीको परस्परको कर्तव्यहरूको अथवा धर्महरूको केही विधान

संक्षपमा प्रस्तुत पुस्तिकामा गरिएको छ। यदि कुनै महानुभावले प्रस्तुत पुस्तिकामा उल्लिखित वैवाहिक जीवन सम्बन्ध पति-पत्नीको परस्पर कर्तव्यलाई अपनाएर पारिवारिक जीवनका घरेलु झैं-झगडा तथा वैमनष्यताहरू हटाएर आफ्नो जीवनलाई सुखी र समृद्धिशाली बनाउन सके भने यो पुस्तिकाको लेखन प्रयासलाई सफल मान्नेछु ।

६. यहाँ जति पनि लेखिएको छ हिन्दू धर्मको वैवाहिक पद्धतिको अनुसार नै लेखिएको छ, किनभने हामीहरू संसारको एकमात्र हिन्दू देशका नागरिक हौं, तथा हाम्रो हिन्दू संस्कृतिको धरातल अति उच्च छ ।

७. प्रेम विवाह, अन्तरजातीय विवाह, अन्तर्देशीय विवाहहरूको विषयमा म यतिमात्र भन्न सक्तछु कि उक्त प्रकारका विवाहहरू र प्रेम कथा लेख्ने तथा प्रेम अभिनयको उपन्यास आदि ग्रन्थलाई पढ्दाखेरी त अत्यन्त रुचिकर र आकर्षक जस्तो प्रतीत हुन्छ तर व्यवहारमा पाँच प्रतिशतभन्दा बढी कहीं पनि सफल हुन सकेको छैन। विशेष गरी हाम्रो संस्कृतिमा पाश्चात्य सभ्यताको र हाम्रा संस्कृतिको पारिवारिक जीवनमा निकै भेद रहेछ, यी कुरा प्रायः सबैलाई विदित नै छ ।



८. भाषाको कठोरताको आभास हुनु जहाँ-तहाँ धेरै सम्भव छ, यसमा मुख्य दुई कारण हुन सक्तछन्। पहिलो त मेरो कमजोरी दोस्रो विवशता । कमजोरी के हो भने– मेरो पारिब्राजिक अथवा साधु जीवनको तीन चौथाई भाग हिमालयको हिमाच्छादित शिखरहरू तथा पवित्र नदीहरूको तटवर्ती बन-जंगल तथा एकान्त स्थानमा नै बित्यो र व्यतित भैरहेको छ । मेरो बोलचाल, आहार, व्यवहार आदि धेरैजसो अंशमा ग्रामीण जनताहरूबाट प्रभावित छन् । तिनीहरू पालिसदार तथा लचछेदार भाषा बोल्न त जान्दैनन् तर तिनीहरूको हृदय भने अरू मानिसहरूको भन्दा अपेक्षाकृत अधिक शुद्ध हुन्छ । ममा पनि यही कमजोरी छ । यसको लागि म क्षमाप्रार्थी छु । दोस्रो कारण विवशताको सम्बन्धमा यही भन्नु छ

सबै धर्महरूको उपदेश प्रायः अनुशासन पूर्वक प्रवोधनात्मक शैलीमा दिइराखेका छन्, विशेषत हाम्रो धर्मको त यही शैली छ जस्तो उठ्नुहोस्, बुझ्नुहोस्, यसो नभनेर उतिष्ठत, जाग्रत, अर्थात् उठ-ब्यूँझ-उपनिषद्हरूमा उल्लेख गरेको पाइन्छ। दुर्भाग्यवस यस पालिसदार युगले उपरोक्त (उठ-ब्यूँझ) उपदेशहरूलाई रूखो र कठोर भाषाको कोटिमा मानिराखेको छ। यस कमजोरी र विवशताको लागि म पाठकहरूसँग क्षमा प्रार्थी छु।

यहाँ जे जति लेखिएको छ, यो कैयौं शिक्षित एवं सच्चरित्रा नारीहरूका मनका मूक बेदनाले प्रेरित भएर नै लेखिएका हुन् आपनो निजी अनुभव यी कुरामा शुन्यको बराबरी नै छ। यसबीच स्त्री पुरुषका मूक बेदनाहरू ज्यादै धेरैमात्रामा सुन्न पऱ्यो। यदि यसमा कुनै महानुभाव (पुरुषवर्ग) लाई केही कुरा उपयोगी प्रतीत भयो भने सो अनुसार अपनाएर आफ्ना पारिवारिक जीवनलाई सुखी औ शान्ति बनाऊन्, यही शुभकामना छ।

इति शुभम्

—खप्तड स्वामी

# "नारीधर्म तथा पूरूषधर्म"

भौतिकताको बढ्दो प्रभावले र समाजसुधारको नाममा राजनीतिक नेताहरूमा नाम दर्ता गर्नेले हिजो-आज अनेक प्रकारको प्रचार-प्रसार गरी सुन्ने-सुनाउने गरेका छन् । अनेक प्रकारका प्रसुप्त समस्याहरूलाई तन्काएर सामान्य जनजीवनलाई अशान्त र दु:खी बनाइरहेका छन् । यो साँचो हो, ती प्रसुप्त समस्याहरूमा कुनै हदसम्म सत्यता पनि छ तर त्यसलाई कति गुना बढाइ-चढाइ सामान्य जनजीवनलाई अशान्त र दु:खीमात्र बनाएर छोडिदिएको छ, ठीक त्यस्तै जस्तो प्रसुप्त रोगलाई प्रकुपित गरेर रोगीलाई अपेक्षाकृत अधिक दु:खी बनाएर छाडिदिइन्छ । अस्तु ।

१

केही शिक्षित तथा सती-साध्वी महिलाहरूद्वारा प्राय: यही प्रश्न गरिन्छ- हाम्रो समाज तथा धर्मशास्त्रमा खालि के स्त्रीका लागि नै पतिव्रता धर्म र सेवा शुश्रूषादिको विशेष-विशेष नियमको विधान गरेको हो या पुरुषहरूको (पतिहरूका) लागि पनि स्त्रीहरूप्रति प्रेमपूर्वक सद्व्यवहार तथा एकपत्नी व्रतादि नियमको विधान छ ? हामीलाई कथा प्रवचनहरूमा प्राय: स्त्री-धर्मको विषयमा नै विस्तारपूर्वक सुनाइन्छ । पुरुषहरू (पतिहरू) को धर्म या कर्तव्यको बारे कहिल्यै सुनाइँदैन । यदि कहीं कहिले प्रसङ्ग आए पनि, दुई-चार शब्दमा नै कुरा सकिदिन्छन्, किन ? एउटी महिलाले त कतिसम्म भनिन् भने “के अधिकांश लेखक तथा प्रवचनकर्ता पुरुष हुनाले त यस्तो भएको होइन” तर यस्तो भन्ने एक विदेशी महिला थिइन्, हिन्दू-नारी होइनन् । हिन्दू-नारीको हृदयमा आफ्नो पतिका लागि उसको सुखमा सुखी तथा दु:खमा दु:खी हुने प्रवृत्ति जन्मजात हुन्छ । पतिका लागि सबै प्रकारको दु:ख सहर्ष सहन गर्नु उनको सहज प्रवृत्ति

हो। यदि कहिले कुनै शिकायत गर्छिन् भने पतिको कुनै असन्तोषजनक व्यवहारको कारण या पति र पतिका साथीहरूले रक्सी खाएको जुठो गिलासहरूलाई माझ्दा गहभरी आँसु लिएर मात्र त्यो पनि कहिलेकाहीँ। मनमा त पतिप्रति अनन्य प्रेम नै हुन्छ। यसैले केही महिलाहरूको भनाइ छ- "धर्म र समाजको प्रवचनमा जहाँ हामीलाई 'स्त्री धर्म' सविस्तार सुनाइन्छ त्यहीं 'पुरुष-धर्म' पनि हुन सके विस्तारपूर्वक हामी र हाम्रा पुरुषहरूलाई सुनाइयोस्। हामीलाई आफ्नो धर्म र कर्तव्यलाई पालन गर्नमा आज जति नै प्रतिकूलताहरूको सामना गर्न परिरहेछ, त्यसको शुरूवात (आरम्भ) पहिले पुरुषहरूबाट नै हुनु राम्रो हुन्छ" अस्तु।

यदि गम्भीरतापूर्वक पुरुषले विचार गरे त स्त्रीहरूको कुरा पनि सत्य नै प्रतीत हुन्छ।

तिनै महिलाहरूको अशान्त दुःखी मनोवृत्तिबाट प्रेरित भएर यहाँ केही विचार गर्ने प्रेरणा भयो। जे जसो लेखिन्छ त्यो एक "हिन्दू-नर नारी"- को विचारधारा अनुसार नै लेखिन्छः-

शास्त्रकारहरूले स्त्रीहरूको दोषलाई देखाएर धेरै कुरा लेखे, तर पुरुषहरूको दोषलाई देखाए त उनीहरूमा स्त्रीहरू भन्दा धेरै दोष पाइन्छ। स्त्रीहरूको विषय हुनाले उनीहरूको सुधार र प्रबोधका लागि यस प्रकारका कुराहरू शास्त्रमा लेखिए। स्त्रीहरूमा हीन भावना ल्याउन या उनीहरूलाई दवाएर राख्नाका लागि होइन। हिन्दू-नारीको पारिवारिक सम्बन्धमा यी कुराले कहिले पनि संघर्षको भावनालाई उत्तेजित गरेन। हिन्दू-नारी पति-प्रेमको भावनालाई ज्यादै राम्रोसँग बुझ्दछन्।



अपेक्षाकृत हेर्ने हो भने यही भन्नुपर्छ- प्रायः सबै स्त्रीहरू पुरुषहरूप्रति सेवादिको व्यवहार गर्दछन् तर पुरुषहरू उनीहरूलाई यस्तो गर्दैनन्। कोही-कोही त कुरा-कुरामा आफ्नी स्त्रीको अपमान

# "नारीधर्म तथा पूरूषधर्म"

गर्दछन्, उनीहरूलाई गाली गर्दछन् र मार-पिटसम्म पनि गर्न लाग्दछन् । यो मनुष्यताको बाहिरको कुरा हो । उनीहरूसँग हाम्रो यही निवेदन छ, स्त्रीहरूलाई अमानुषिक व्यवहार कहिले पनि गर्नु हुँदैन। यस प्रकारको व्यवहारले यो लोकमा अपकीर्ति र परलोकमा दुर्गति हुन्छ ।

कुनै-कुनै महानुभाव लोभले वशीभूत भएर आफ्ना कन्यालाई वृद्ध, रोगी र अङ्गहीन आदि अपात्रहरूलाई दिन्छन्। दिने र लिने दुवैले कन्याको जीवनलाई नष्ट गरिदिन्छन् र स्वयं नरकको भागी हुन्छन् ।

स्त्रीहरूसँग सत्कारपूर्वक राम्रो व्यवहार गर्नुपर्छ । स्त्रीहरूको जहाँ सत्कार हुन्छ, त्यहाँ सबै देवता निवास गर्दछन् । जहाँ सत्कार हुँदैन त्यहाँ सबै कर्म निष्फल हुन्छ। जब घरमा पुरुष रोगी हुन्छन् उसका लागि जति कोसिस हुन्छ, त्यति कुनै स्त्री बिरामी पर्दछिन् भने हुँदैन । यो विषमताको व्यवहार विष समान हो। अतः पुरुषहरूले स्त्री-पुरुष सबैसँग समानताको व्यवहार गर्नु उचित हुन्छ । ३

स्त्रीहरूमा कति प्रकारका दोष देखाइन्छन् यसको कारण पनि अधिकांश पुरुष नै हुन्, किनभने पुरुष स्त्रीहरूसँग राम्रो व्यवहार गर्दैनन् । अतः उनीहरूलाई पुरुषहरूबाट खराब शिक्षा मिल्दछ । यदि पुरुष स्त्रीहरूसँग आफ्नो व्यवहार सुधार्छन् भने उनीहरूको पनि धेरै सुधार हुनु स्वाभाविक हुन्छ, किनभने यो न्याय हो जब कोही कसैसँग राम्रो व्यवहार गर्दछन् भने अरू पनि उसँग राम्रो नै व्यवहार गर्दछन् ।

विधवा स्त्रीहरूप्रति पनि पुरुषहरूको व्यवहार प्रायः निन्दनीय नै छ । धेरैजसो मानिस यस्ता पनि देखिएका छन्, आफ्ना छोरा, भाइ मरेपछि तिनका विधवा स्त्रीहरूको धनमा अधिकार जमाएर, उनीहरूमाथि झूटो कलङ लगाएर उनीहरूलाई खानसम्म पनि

दिँदैनन् र कुनै-कुनै त लोभले गर्दा धन खोस्न ती स्त्रीहरूलाई घरबाट निकाल्ने चेष्टासमेत गर्दछन्। ती दुःखी स्त्रीको दुःखले गर्दा त्यस्ता पुरुषहरूको यो लोक र परलोक नष्ट हुन्छ। त्यस्ता पुरुषहरूले ईश्वरको र मृत्युको विचार गरेर यस्तो राक्षसी कर्मदेखि विरक्त हुनुपर्छ। महाभारत अनुशासन पर्वमा भनिएको छ -

"स्त्रियो यत्र च पूज्यन्ते रमन्ते तत्र देवताः।
अपूजिताश्च यत्रैताः सर्वास्तत्राफलाः क्रिया।
तदा चैतत् कुलं नास्ति यदा शोचन्ति जामयः॥
जामी शप्तानि गोपानि निकृत्तानीव कृत्यया।
नैव भान्ति न वर्धन्ते श्रियाहीनानि पार्थिवः॥" ४

जहाँ स्त्रीहरूको आदर सत्कार हुन्छ, त्यहाँ देवताहरू प्रसन्नतापूर्वक निवास गर्दछन् तथा जहाँ स्त्रीहरूको अनादर हुन्छ, त्यहाँ गरिएका सारा कामहरू निष्फल हुन्छन् अनि त्यो कुलको नाश हुन्छ। उनीहरू खिन्न भएर जुन घरलाई श्राप दिन्छन् उनीहरूले दिएको श्रापले त्यो घर उजाड हुन्छ। यस्तो श्रीहीन घरले न त शोभा पाउँछ न त त्यसको वृद्धि नै हुन्छ।

जुन घरमा पति-पत्नीको मन मिलेको छ त्यहाँ सबै सम्पदाहरू नित्य रमण गर्दछन्। यसैकारण हाम्रो संस्कृतिमा वाइफ, बीबी आदि नभएर पत्नी शब्दको अगाडि 'धर्म' शब्द जोडिएर रहेको छ, 'धर्मपत्नी'। धर्मसाथमा भएकाले पत्नी वासना पूर्तिकी साधना नभएर धर्माधर्मकी सहभागिनी भएर परलोकमा पनि साथ छोड्दिनन्। यो त्याग तथा प्रेमको पराकाष्ठा हो। यही संस्कृतिमा चूडाला, मैत्रेयी, मदालशा, तारा, दुर्गावती जस्ता अनेक ज्ञानी, भक्त, नारीहरू तथा वीराङ्गनाहरू हुर्के, जसले विपत्मा परेका स्वामीहरूलाई सत्यको मार्ग देखाएका थिए तथा आफ्नो पवित्र नारी जीवनलाई सार्थक पारेका

# "नारीधर्म तथा पूरूषधर्म"

थिए । आर्य महिलाहरूले पतिदेखि पृथक् आफ्नो शरीर आदिको सुख र स्वार्थको कुरा कहिल्यै सोचेनन् । उनीहरूको सर्वस्व सदा अखण्डरूपले पतिमा समर्पित रह्यो । वाइफ र बीबीहरूको विषयमा म केही भन्दिन । हामी त बारम्बार यही भन्दछौं "कुमार्गतिर लाग्ने कुरुचिपूर्ण साहित्य र अश्लील दृश्यमा खाली एकछिनको नियन्त्रण नराखेर धार्मिक तथा नैतिक ग्रन्थको पाठ तथा तदनुकूल आचरणलाई प्रोत्साहन दिनु हाम्रो समाजको आज प्रमुख कर्तव्य हो" । अस्तु ।

साँच्ची त हामी पति-धर्मको विषयमा केही विचार गरिरहेका थियौं ।

## ५

धर्म हामीलाई शुद्ध एवम् पवित्र जीवन बिताउने मार्ग बताउँछ । धार्मिक भावनाले हामीलाई सुख-शान्ति तथा आनन्दमय एवम् शान्त जीवन प्राप्त गराउँछ । धर्मको आधार हो 'ईश्वरमा विश्वास' । सबैमा ईश्वर छ, अतः सबैले सधैं सबैसँग प्रेम गर्नुपर्छ । गृहस्थ जीवनका लागि पति धर्म पनि एक आवश्यक धर्म हो । पतिको परिभाषा के हो ? मनुष्य पति कहिले बन्दछ ? ब्रह्मचर्याश्रम पछि गृहस्थाश्रममा प्रवेश गर्नु अर्थात् शास्त्रीय विवाहमा कुनै एक कन्याको पाणीग्रहण गर्नु त्यो केटीको पति बन्नु हो । सिउँदोमा सिन्दूर भरेर नै मनुष्य उसको जीवनको लालीको रक्षाको जिम्मेवार बनेर पतिको पद ग्रहण गर्छ । जब यो कर्तव्य धर्म भावनाले प्रेरित भएर पुरुषको मनमा बस्दछ, अनि ऊ आफूमाथि नैतिक एवम् आत्मिक उत्तरदायित्वको अनुभव गर्न लाग्दछ ।

आर्य संस्कृति अध्यात्ममा निर्धारित छ । यसैकारण हामी परिणाममा जीवनको सच्चा सुख पाउँछौं । जहाँ त्रिकालज्ञ ऋषि-मुनिहरूले पत्नीका लागि पातिव्रत्य धर्मको आदेश दिएका छन्, त्यहाँ पतिका लागि पनि पत्नीव्रतको ठूलो महत्त्व बताएका छन् ।

# "नारीधर्म तथा पूरूषधर्म"

स्त्रीपुरुषमा लिङ्ग भेदको साथै शारीरिक एवम् मानसिक विभिन्नताहरू पनि छन्। सबै कुरामा दुवैको कर्तव्य क्षेत्र अधिकतर घर-परिवार हो र पुरुषको बाहिरी दुनियाँमा छ। तर, कहिलेकाहीँ विशेष परिस्थितिमा यिनै कोमलाङ्गीहरूले जगदम्बा दुर्गासरह रणभूमि जस्तो भयानक क्षेत्रलाई पनि आफ्नो खेल मैदान बनाए।

पति-पत्नी दुवै एक नै स्वरूपका दुई पूरक तत्त्व हुन्। पति-पत्नी दुवै धर्ममय जीवन बिताएर एक-अर्काका लागि त्याग गरेर हित गर्दछन् र एक-अर्काको भगवत्प्राप्तिको मार्गमा अग्रसर हुनमा सहयोग दिन्छन्। यही गृहस्थ धर्म हो।

पतिका लागि सबैभन्दा ठूलो कर्तव्य हो केटाकेटीदेखि विवाहसम्म यौन-पवित्रताले रहनु, ब्रह्मचर्यपूर्वक रहनु। प्रत्येक पुरुष चाहन्छ मेरी पत्नी शुद्ध एवम् पवित्र चरित्रकी होस्। अनि स्वयं उसको कर्तव्य हो, ऊ पनि उनलाई एक सच्चरित्र पतिको रूपमा मिलोस्। के कोही पुरुष यस्ती केटीसँग विवाह गर्न चाहन्छ जो पवित्र छैन ? चाहँदैन, कहिल्यै चाहँदैन। यसको अर्थ यो भयो, तिमी उनको चारित्रिक शुद्धता राम्रो चाहन्छौं। तर, फेरि तिमीसँग पनि उनी पनि आशा राख्दछिन् तिमी पनि परम् पवित्र-चरित्र, सुप्रसन्न, स्वस्थ एवम् कुशलताले जीवन चलाउन सक्षम होऊ। यौन दुर्बलता रहेमा विवाह गर्नाले पति-पत्नीको धर्म बिग्रन्छ। विवाह पवित्र, स्वस्थ एवम् प्रसन्न स्थितिमा नै हुनुपर्छ।



पत्नी विवाह हुने बित्तिकै तिमीप्रति आत्मसमर्पण गरिदिन्छिन्। आफ्नो जीवनलाई उनी तिम्री प्रियतमा, हृदयेश्वरी बन्दछिन्। तिम्रो बच्चाको ममतामयी आमा बन्छिन्। तिनी तिम्रो परिवारको सेवा त गर्दछिन्, साथसाथै तिम्रो सच्चा जीवन सङ्गिनी पनि बन्दछिन्। उनी आफ्नो स्नेहपूर्ण माता-पिता तथा परिवारको परित्याग गरेर तिम्रो प्रत्येक सुख-दुःखमा यथार्थ रूपले सहभागी हुन्छिन्। यसैले पत्नीको

सुरक्षा, उनलाई सुख, भरपूर प्रेम दिने जिम्मेवारी तिमीमाथि छ। आफ्ना माता-पिता एवम् परिवारको अन्य सदस्यहरूबाट उनलाई स्नेह दिलाउन तिमी ज्यादै सहायक हुन सक्तछौं। यदि पत्नीमा कुनै दुर्गुण भए, त्यसलाई कडा आघात या आलोचनात्मक ढङ्गले नसुधारेर प्रेमले पहिले उनको प्रशंसा गरेर, त्यसपछि साँच्चिकै अवगुण विनम्र एवम् सहानुभूतिको भाषामा बताएर सुधार्न सकिन्छ। यसको साथ तिमी उनलाई राम्रो विचारको वातावरणमा राख्नुका साथै आफू र उनलाई पनि स्वस्थ एवम् प्रसन्न बनाएर राख।

पत्नीको उचित आवश्यकताको विचार राख्न यथासाध्य त्यसको पूर्ति गर्नु एवम् उनको चाहनाको आदर गर्नुपर्छ। उनको मनोभावलाई उठाउनुपर्छ। आफ्नो कार्यमा उनीसँग सहयोग लिनु, जसबाट उनमा आफूलाई हीन मान्ने भावना नरहोस्। उनका आमा बाबु एवम् भाइ-बहिनी एवम् अन्य सम्बन्धीहरूसँग राम्रो सम्बन्ध बनाउनुपर्छ। आफ्नो प्रेमपूर्ण आत्मीयताले उनको हृदयलाई सन्तुष्ट राख्ने चेष्टा गरिरहनुपर्छ। यसैले दुवैमा विशुद्ध प्रेम तथा आत्मिक सुख बढी रहन्छ। तिम्रो दाम्पत्य जीवन सुख शान्तिमय हुन्छ। तिमी आफ्नो सदाचार एवम् सद्व्यवहारले आफ्नो सानो दुनियालाई स्वर्गतुल्य बनाऊ। यसले परिवारमा आत्मीयताको अभ्यास तथा जीवन क्षेत्रमा पनि ज्यादै कुशलता र शान्ति दिन्छ।



कहिल्यै पनि पत्नीको चरित्रमा सन्देह नगर। उनको पहिलो जीवनलाई बिर्सेर अब नयाँ किसिमले जीवन चलाऊ। केही समझदारीले तिमी काम लिन्छौं भने त तिमी दुवै बढी शान्तिसँग प्रसन्नतापूर्वक दाम्पत्य जीवन चलाउन सक्छौ। आफू स्वयं संयमी तथा राम्रो स्वभावको बनेर पत्नीलाई पनि आफ्नो अनुगामिनी बनाऊ अहिलेसम्म उनी पितृगृहमा रहिन्। तिमीसँग उनी अनभिज्ञ थिइन् उनको वातावरण अर्कै थियो। अब उनलाई आफ्नो आदर-प्रेम तथा शुद्ध व्यवहारले आफ्नो संस्कारमा मिलाएर बदल।

# "नारीधर्म तथा पूरूषधर्म"

उनमा कुनै रोग या कष्ट छ भने सहानुभूतिपूर्वक सान्त्वना देऊ । बिरामी भएको बेलामा असमर्थ हुनाले उनलाई काम नगराउनु । स्नेहले उनको यथायोग्य सेवा गर्नुपर्छ, अहङ्कारले होइन । तिम्रो सान्त्वनाले उनको आधा रोग कष्ट हट्दछ । उनलाई रोग मुक्त गराउनु, प्रशन्न राख्नु, चिन्ता, उल्झनबाट बचाएर उनलाई सन्तुष्ट राख्नु जसले गर्दा उनी तिमीसँग आफ्नो जीवनलाई सुखी र सुरक्षित सम्झिऊन् । विचार गर अब तिमी पति बन्यौ । पत्नी पनि तिम्रो साथमा छिन् । यसैले अब तिमी एक्लैले केही गर्नु हुँदैन, दुवैको सल्लाहले नै चल्नुपर्छ । धार्मिक विधानअनुसार प्रेमसूत्रमा बाँधिएका छौ हरेक कामलाई दुईमत मिलाएर नै गर्नुपर्छ । तिमी गृहस्थ जीवनमा आएका छौ । धार्मिक भावनाले ओतप्रोत आफ्नो परस्परको कर्तव्यहरूलाई स्वेच्छापूर्वक सहर्ष अपनाउ, होटेलको उक्त कोठामा बस्ने मिस्टर फलानो र मिसेज फलानीको जस्तो अभिनय नगर । 'धर्म-पत्नी' र 'धर्म-पति' को जस्तो व्यवहार गर, यसैमा तिमीहरूको कल्याण छ । हस्वेन्ड र वाइफ बन्नमा सुख कहिल्यै पनि हुँदैन । गृहस्थोचित ब्रह्मचर्य अपनाऊ । गृहस्थका लागि अनावश्यक कठोर संयमितताले स्त्रीको मनोभावलाई नकुल्च न त पत्नीलाई आफ्नो मानसिक-वृत्तिको शिकार नै बनाऊ । अनर्गल वासनालाई प्रोत्साहन नदेऊ । आध्यात्मिक जीवनका लागि ब्रह्मचर्य अनिवार्य छ, तर गृहस्थ-जीवनमा परस्परको स्वीकृतिद्वारा सीमित यौन व्यवहार नै उचित छ । सधैं यस्तो विचार राख, पत्नीलाई तिम्रो कामबाट आत्मीयता एवम् हार्दिक सहानुभूतिको प्रतीत होस् । परिवारको एकचित्तताले नै गृहस्थी जीवनलाई सुखी र शान्त बनाउँछ । ८

सुशील, धार्मिक भावना राख्ने, पति सेवा गर्ने, गृहमा शान्ति बनाइराख्ने स्त्रीप्रति आदरले शिर झुक्दछ । स्त्री तिम्रो लागि कति सहन्छिन् के तिमी उनका लागि यो भन्दा बढी गर्दछौ ? दुष्ट, क्रुर, जँड्याहा, जुवाडी एवम् व्यभिचारी पतिदेखि पत्नी वाक्क हुन्छिन् । कहिलेकाहीँ त उनमा आत्महत्यासम्मको भावनाले जन्म लिन्छ । तिमी पनि पति हौ अतः यी दुर्गुणहरूबाट सधैं बच्नू ।

# "नारीधर्म तथा पूरूषधर्म"

तिमी पति हौ, पत्नीको सुन्दरता, उनको रूप-लावण्य तिमीलाई मनमोहक लाग्दछ। तर, सधैं याद राख्नुपर्छ-स्त्रीको बाह्य सौन्दर्य एवम् भौतिक शिक्षा त्यति मूल्यवान् तथा आवश्यक वस्तु होइन जति उनको आन्तरिक-सौन्दर्य छ। विवाहपश्चात् तिमीलाई आफ्नी पत्नी नै संसारकी सबैभन्दा सुन्दरी, योग्य एवम् राम्री स्त्री लाग्नुपर्छ। तिम्रो राम्रो व्यवहारले विकृत स्वाभावकी पत्नी पनि ठीक हुन सक्तछिन् र उनको मन बदलिएर सरल एवम् सुशील बन्दछिन्। पत्नीप्रति शिकायत गर्नु भाग्यलाई सराप्नु, मलाई कस्ति स्वास्नी मिली भन्नु यो सबै अनुचित हो। उनी जस्ति छिन् ज्यादै असल छिन्। तिमी आफू अझ राम्रो, असल बनेर उनलाई अझ असल बनाऊ। राम्रो खेतमा त सबै अन्न उत्पादन गरेर पेट भर्दछन्, तर बाँझो खेतमा सुधार गरेर अन्न उत्पादन गर्नु नै प्रशंसनीय कुरा हो। त्याग, प्रेम, सहृदयता, आत्मीयता एवम् उच्च तथा आध्यात्मिक विचारहरूको सहायताले तिमी उनलाई एक ढुङ्गा कोइलाबाट चमकदार हीरा बनाऊ। तिम्रो आफ्नो मनलाई पत्नीको प्रेम तृप्त र सन्तुष्ट राख, तिमी आफैं राम्रो लोग्ने बन, तिम्री स्वास्नी स्वतः नै असल हुन्छिन्। ९

तर यसको अभिप्राय यो पनि होइन, पत्नीको प्रेममा या पत्नी-पतिको सांसारिक प्रेममा आफ्नो परम लक्ष्यलाई नै बिर्सिऊन्। सम्झना राख्नुपर्छ, पहिले तिमी मुख्य हौ र पति पछिमात्र। अतः सबैमा ईश्वरत्वको ध्यान राखेर सबैको निःस्वार्थ भावले सेवा गर्ने भावना राख्नुपर्छ- चाहे आमा-बाबु हुन्, स्वास्नी होस्, छोरा-छोरी हुन् या अरू कोही पनि किन नहुन्। सधैं सत्संग भजन, जप, ध्यान कीर्तनादिमा परिवारसहित भाग लिएर निरन्तर त्यो ज्योतिमय परमात्माको साक्षात्कार गर्ने प्रयत्न गरिरहनुपर्छ। यस प्रकारको गृहस्थाश्रमी यो लोकमा सुख सन्तोषपूर्वक जीवनयापन गरेर अन्तमा भगवद्धाम प्राप्त गर्दछ।

# "नारीधर्म तथा पूरूषधर्म"

कन्या र कुमार नै नारी र पुरुष जीवनको आदि हो। यो त्यही कोपिला हो जसलाई भोलिको फूल बनाउनुपर्छ। कोपिला फूलको आदि रूप हो। जीवनमा उसैको सुर्गन्ध फैलिन्छ। यसैले उसको निर्माणमा सबै कुरा निर्भर हुन्छ। घरको भविष्य, परिवारको सुख, समाजको शान्ति उनैको मुठ्ठीमा छ।

मध्ययुगमा धेरै कालसम्म कन्या समाजमा उपेक्षित रहिन्। त्यो बेला उनको उपेक्षाको कारण केही सामाजिक परम्परा थियो, जसको जड विदेशी सभ्यतासँग जोडिएको थियो। जहाँ उनलाई 'परायी सम्पत्ति' को रूपमा ग्रहण गरियो। आज बाह्य दृष्टिले त उपेक्षा छैन, उनलाई सामाजिक प्रतिष्ठा प्राप्त भएको छ, छोरीहरू प्रेम र स्नेहले पालिएका छन्। शिक्षा पनि दिइरहिएको छ, जीवनका अनेक क्षेत्रमा उनीहरू प्रवेश गरिरहेका छन्, कहीं पनि उनीहरूका लागि कानुनी निषेध छैन। सबै मार्ग खुला छ र मानस्तर पनि उँचा छ।

तर यी सबै शिक्षा ऐहिक हुन्। यसैले समाजले जहाँ इहलौकिक सुखसुविधाको शक्ति उनलाई प्रदान गरेको छ र बाह्यत: उनलाई विकसित गरेको छ, त्यहाँ भित्री तवरले उनलाई संकुचित पनि गरेको छ। उनमा आफ्नो नै सुखको वृत्ति अधिकाधिक बढेर गइरहेछ। यसैले एक भोगवादी बाहिरी बुद्धिशाली तर भित्र मनलाई निरन्तर मन्थन गर्ने खालको परिवेशमा उनी बेरिएकी छन्। भौतिक सुखलाई नै उनी सबै कुरा मान्न लागिरहेकी छन्। यो भन्दा अगाडि पनि केही छ, यो उनले बिर्सिइन्। यही दशा केटा (कुमार) को पनि छ।

# "नारीधर्म तथा पूरूषधर्म"

हामीले बाल-बालिकाको शिक्षामा एक रूपताको स्थापना गरेर गर्वको अनुभव गऱ्यौं, तर निसर्गजात मनोवैज्ञानिक सत्यलाई हामीले बिर्सिदियौं। पुरुष र स्त्रीको मनोरचना, अन्तः प्रवृत्तिहरू र जीवनको निर्माणमा उनीहरूको योग तथा कार्यमा जुन अन्तर छ त्यहीअनुसार उनीहरूलाई शिक्षा, दीक्षा प्रशिक्षण र कार्य विभाजन हुनुपर्छ। धेरै कार्यमा समानता होला, केहीमा सहयोग होला र केहीमा एकरूपता पनि होला तर दुवैको प्रेरणाहरू भिन्न-भिन्न स्रोतहरूबाट उद्भूत हुन्छ, यसको ध्यान राख्नाले कठिनाइहरू उत्पन्न हुन्छन्। स्त्रीलाई पुरुष बनाउनु र पुरुषलाई स्त्री बनाउनु एक प्राकृतिक अभिक्रमलाई निरर्थक बनाउने चेष्टा हो यसमा शक्तिको अपव्यय हुन्छ, सदुपयोग होइन। यसैले एक हदसम्म केटी र केटाहरूको पाठ्यक्रम एकै हुनुपर्छ। सामान्य शिक्षणपछि कन्यालाई यसप्रकारको शिक्षा मिल्नुपर्छ, जेले उनको प्राकृतिक शक्तिहरूको विकास होस्, उनलाई जे आशा र अपेक्षा छ त्यसको पूर्ति होस्। यी कुरालाई बिर्सन हुन्न। कुनै एक अपवादलाई छाडेर मुख्यतः नारी एक संयुक्त विवाहित जीवन व्यतीत गर्न खोज्दछिन् र गर्दछिन्। सुखी, विवाहित एवम् गृह-जीवनको प्रेरणा अधिकांश नारीमा अधिकांश पुरुषको भन्दा धेरै बढी हुन्छ। पुरुष बाँधिन चाहँदैन। स्त्री बाँधिइन्छिन् र बाँद्धछिन्। यसैले स्वभावतः नै उनलाई यस्तो शिक्षाको आवश्यकता छ जसले उनको यो जन्मजात प्रवृत्तिलाई ठीक चिह्न अगाडि बढाउन सकोस्।



यसैले कन्याहरूलाई हाम्रो सभ्यता एवं संस्कृतिको मुख्य तत्त्वसँग परिचित गराउनु आवश्यक छ। उनीहरूलाई छोटकरीमा हाम्रो दर्शन, इतिहास तथा धर्म-मूलको ज्ञान दिनुपर्छ। उनीहरूलाई ती प्राचीन महादेवीहरूको चरित्रसँग परिचित गराउनुपर्छ जसले पातिव्रत्य-धर्मको विकास गरेर एक नयाँ आदर्शको अवतरण गरेका थिए र आफ्नो साधनाले सामान्य मानवलाई भुइँबाट उठाइ आकाशमा पुऱ्याएका थिए। उनीहरूमा घरलाई सुव्यवस्थित र सजाएर राख्ने

विविध गृहकलाहरू र पाकविद्याको राम्रो ज्ञान हुनुपर्छ। यसै शिक्षापछि पनि स्वभावको रचना प्रमुख समस्या हो। सम्पूर्ण ज्ञान भएर पनि स्वभावको कटुताले मानव जीवन तथा गृह जीवनलाई नाश गर्दछ। जुन आइमाई बोलीको मिठासले कठोर विषलाई विषहीन बनाउन सक्तछिन् र मधुर मुस्कान सबैतिर छरेर गहिरो अन्धकारमा प्रकाश फैलाउन सक्तछिन् उनी जीवनमा अवश्य सफल हुन्छिन्।

१२

आज मानवताको पतनको मुख्य कारण नैतिक तथा धार्मिक शिक्षाको अभाव हो। यस्तो स्थिति रहेमा भविष्य उज्ज्वल हुने आशा राख्न मुस्किल पर्छ। हाम्रा बाल-बालिकाहरू यस्तो वातावरणमा पोषित भइरहेछन् जहाँ उनीहरूमाथि न त घर समाजको नियन्त्रण छ न आमा-बाबु तथा गुरुहरूको डर र न ईश्वर र धर्ममा उनीहरूको आस्था छ। साधारण स्थितिका बालकहरूलाई कतै पनि नैतिक तथा धार्मिक शिक्षा पाउने सुअवसर छैन। वैदिक संस्कार अहिले त अब हुँदै हुँदैन जहाँ हुन्छ त्यहाँ पनि खालि नाम या रुढीको कारण। नगर्नु भन्दा यसरी पनि गर्नु राम्रो नै छ, तर विधि र मन्त्रार्थलाई जानेर संस्कार गर्नु-गराउनु ज्यादै राम्रो हुन्छ। बालकहरूलाई यी सबै तमासाझैं लाग्दछन्। वैदिक मन्त्र उनीहरू बुझ्दैनन्। उनीहरूलाई सम्झाउने पनि कुनै प्रयत्न हुँदैन। धार्मिक कृत्यलाई त एउटा ज्यादै नै गौण स्थान मिल्दछ, मुख्य कार्य त अतिथिहरूको आदर सत्कार, बफे- डिनर, मदिरा-पान आदि मनोरञ्जन हुन्छ। आफ्नो इच्छा नभए पनि मित्रवर्गको आग्रहलाई त मान्नु नै पर्‍यो। धन्य कलियुगको मजबुरी ! प्रायः सबै संस्कारमा यस्तो नै हुन्छ, चाहे त्यो अक्षरारम्भ होस्, चूडाकर्म, उपनयन या विवाह होस् जुन घरमा पूजा-पाठ हुन्छ त्यसले पनि बालकहरूलाई कुनै ठोस शिक्षा दीक्षा मिल्दैन। ऊ देख्दछ देव पूजा हुन्छ, फूल चढाइन्छ, नैवेद्य बाँडिन्छ तर पूजा अर्चनामा जुन मन्त्र पढिन्छ त्यो न त बालक नै बुझ्दछन् न अधिकांश पूजा गर्ने मानिस नै। मन्दिरमा पनि बालक जाँदैनन्, जो जान्छन्, उनीहरूलाई पनि कुनै ठोस ईश्वरीय प्रेरणा मिल्दैन, भीडभाडमा खालि छिटो फूल

चढाउने र भेटी चढाउने कामको अतिरिक्त कुनै यस्तो कुरा हुँदैन, जेबाट उनीहरू प्रभावित होऊन्। यस्तो अवस्थामा उनीहरूमा धार्मिक भावको कमी आउनु स्वाभाविक नै हो। धार्मिक शिक्षाको ठाउँमा नैतिक शिक्षाको नाम व्याख्यानहरूमा र भाषणहरूमा भनिन्छ, सुनिन्छ तर वास्तविकता के छ भने बिनाधार्मिक शिक्षा नैतिकता आउन नै सक्तैन। जुन देश र संस्कृतिमा गुरु-शिष्यको अटुट सम्बन्ध अरू देशहरू र संस्कृतिका लागि एउटा उज्ज्वल उदाहरण थियो, जुन देश र संस्कृतिमा राजा र रङ्ग, "आचार्य देवो भव" मन्त्रलाई जप्दथे, त्यही नै आज अध्यापक र निरीक्षक महानुभावलाई विद्यार्थीहरूसँग डराइ-डराइकन दिन काट्नु परेको छ। कति दुःखको विषय छ, विचार गर्दा यसमा विद्यार्थीको पनि के दोष ? हामीले उनीहरूलाई जे पढायौं, जे सिकायौं उनीहरूले त्यही पढे र त्यही सिके। अन्तर्राष्ट्रिय शिक्षा- शास्त्रीहरूमा सच्चरित्रता, अनुशासन, कर्तव्यनिष्ठता, सुशीलता, नैतिकता आदि सद्गुणहरूको विकास नभएर त्यसको ठीक उल्टो उच्छृङ्खलता, उद्दण्डता, अनुशासनहीनता, आफ्ना गुरुजनहरू तथा अभिभावकहरूको अनादर गर्ने आदि दुर्गुणहरूको विकास नै ज्यादा भइरहेछ।

भगवान्सँग यही प्रार्थना छ, हाम्रा भावी नागरिक अधिकांश अधिक शिक्षित (खालि साक्षर होइन), अनुशासित, कर्तव्यनिष्ठ तथा आफ्नो दायित्वलाई पालन गर्ने दृढ-प्रतिज्ञ बनून्। 

केटीहरू र केटाहरूले आफ्ना आमा-बाबु र गुरुजनहरूको आज्ञापालन एवम् सेवा गर्न सकून्, भाइ-बहिनीहरूप्रति प्रेम, स्नेहपूर्ण रहून्। नोकर-नोकर्नीहरूसँग, घरका तथा छिमेकीका केटा-केटीहरूसँग नम्र, मधुर व्यवहार गरून्। सबैसँग मीठो बोलून्, कसैको अपमान तिरस्कार नगरून्। सधैं बिहान उठेर मान्यलाई प्रणाम गरून्। सानालाई आशीर्वचन भनून्। नित्य क्रियाहरूबाट निवृत्त

भएर गृहदेवता या भगवान्को पूजा-अर्चना, ध्यानादि गरून् र फेरि आफ्नो अध्ययन तथा घरको अरू कार्यमा लागून्।

यिनै कन्या र कुमार ठूला भएर विवाहित हुन्छन् र भविष्यको असल या खराब पति-पत्नी बन्दछन्। उनीहरूमा नै कुनै पनि समाज या देशको भविष्य निर्भर गर्दछ। दुःखले भन्नुपरेको छ- आजको धर्मविहीन भौतिक शिक्षाले अधिकांश स्त्री-पुरुषहरूको मानसलाई विभक्त गरेको छ तथा यस रोगले स्त्री-पुरुषमा एक-अर्काका परस्पर स्पर्धापूर्वक प्रगतिको भावनाको सट्टा ईर्ष्या र द्वेषको संघर्षात्मक उत्तेजना बढाइरहेछ। दाम्पत्य जीवनको सफलता त परस्परको विचारमा सामञ्जस्य स्थापित गर्ने चेष्टा र त्यसमा असफल रहँदा पनि एक-अर्कोलाई निर्वाहमा लिने विचार पनि सुबुद्धिमा नै छ। मानव र उसको परिस्थितिहरूलाई त्यसको यथार्थ रूपमा सम्झेर तदनुसार आचरणको व्यावहारिक ज्ञान जीवनको सबै क्षेत्रहरूमा उपयोगी छ। झन् गार्हस्थ्य धर्मको सुखमय, सफल निर्वाहका लागि त त्यसको महत्त्व अरू पनि धेरै छ। जब विवाहको उद्देश्य पारस्परिक सहयोगद्वारा स्त्री-पुरुषको निजी कमजोरीलाई हटाएर एक-अर्काको परिपूरक भएर परब्रह्म परमात्माको प्राप्तिरूप अन्तिम लक्ष्यलाई प्राप्त गर्नु हो। अनि उनीहरू किन एक-अर्काको कमजोरीहरूलाई बुझेर त्यसबारे कौशलद्वारा तिनीहरूलाई निवारण गर्न अग्रसर छैनन्? अतः दुवैको सम्मिलित प्रयत्नले नै सुखमय जीवनको निर्माण गर्छ, तर "उग्रता अपनाउने पुरुषको अपेक्षा धीरता र सहनशीलताको नजिक रहेकी नारीबाट नै हामीलाई विशेष आशा छ।" हिन्दू-नारी जसको विकास परिवारमा हुन्छ, अलिकति चतुऱ्याईले नै आफ्नो परिवारको विश्वास जित्नमा समर्थ हुन्छिन्। 

जीवनको प्रत्येक क्षेत्रमा संयमशीलता र नियमबद्धता, सरलता, पवित्रता, कर्मशीलता र चेतनालाई यथायोग्य महत्त्व दिनाले नै कुनै पनि राष्ट्रमा समाजको सन्तानले आरोग्य र उन्नति प्राप्त गर्दछन् तब मातृत्व र पितृत्वको पूर्ण विकास देख्न पाइन्छ। "आफ्नो मन र

# "नारीधर्म तथा पूरूषधर्म"

शरीरप्रति कर्तव्यको निर्वाह आफ्नो देश र समाजप्रति कर्तव्यपालन गर्नु हो।"

पुरुष-वर्गले राम्ररी बुझ्नुपर्छ नारी एक रहस्य हो र धर्म ज्यादै व्यापक छ, तथा आजको युगको विचारधाराहरू अनेक छन् र असजिलो पनि छ। तथापि प्राचीन र नवीन संस्कारहरूको समुचित सम्मिश्रणले युग धर्मअनुसार आफ्नो जीवनयात्रा अनुशासित ढंगले सुखमय बनाउने प्रयत्न गर्नाले नै कल्याण हुन्छ।

पुरुषवर्गमा स्वेच्छापूर्वक आफू आफैंलाई एक सद्गृहस्थ र आदर्श पतिको रूपमा बनाउने शुभ-भावनाको जागृत् हुन्छ र हाम्रो प्रचार-प्रसारको साधन (रेडियो, प्रेस, र पुरुष लेखकवर्ग) पनि यता आकर्षित हुन्छन्, एवम् महिला लेखिकाहरू पनि आफ्नो रचनाद्वारा एक आदर्श गृहिणी तथा धर्मपत्नी बन्ने भावना जागृत् गर्दछिन्। यस प्रकारको प्रचार-प्रसार गर्नाले सम्भवतः उग्रता अपनाउने पुरुषवर्ग नै कठिनाइको अनुभव गर्न लागून्! समर्पण र त्याग स्वभावप्रधान स्त्रीवर्ग त प्रसन्नताले यो मार्गमा चल्नलाई इच्छुकै छन्, तर पुरुषवर्ग उनीहरूलाई शुद्ध मार्गमा चल्न दिऊन्! जहाँ र जहिले पनि ज्यादति देखिन्छ, पहिले पुरुषहरूको तर्फबाट नै देखिन्छ।



दुःखको कुरा छ कि आजका साहित्यकारहरू, वासनालाई उद्दीप्त गर्नका लागि कथा र उपन्यास लेख्छन्, सत्मार्गमा हिँड्ने सीधासादा नवयुवकहरूले बाटो बिराउने र समाजमा विरह वेदना जगाउनका लागि गीत लेख्छन्। यस्तो लाग्दछ! आजका लेखकहरू अरू केही जान्दै जान्दैनन्। जो देशका संस्कृतिका अनेक महान् मर्यादावादी कवि भए, ती देश र संस्कृतिको कवि र लेखकहरू अश्लील र छिल्लिएको साहित्यको सिर्जनामा नै आफ्नो प्रतिभा सार्थक भएको सम्झन लागे।

# "नारीधर्म तथा पूरूषधर्म"

साहित्य धर्मसम्म पुग्ने सजिलो भऱ्याङ हो र धर्म ऐहिक एवम् पारलौकिक सुखहरूको निष्पादक हो । जब साहित्य धर्मको उपेक्षा गर्ने मनमानि किसिमको हुन लाग्दछ त्यसमा लोकमङ्गलको भावना रहँदैन। यस्तो साहित्यले कुनै पनि देश र समाजलाई पतनतिर लैजान्छ। अतएव साहित्यमा धर्मको नियन्त्रण रहनु अनिवार्य छ। धर्म नियन्त्रक साहित्यले नै समाजको खराबी र कुरीतिहरूलाई हटाउन सक्तछ। साहित्यकारहरू जबसम्म धर्मप्रति आस्थावान् हुँदैनन् तबसम्म उनको वाणी देश र जातिको अभ्युत्थान गर्न असमर्थ हुन्छन् ।

सामाजिक अपहेलना पाएर पनि यदि कुनै साहसी साहित्यकार आफ्नो रचनाहरूमा त्यो नैतिक मूल्य, त्यो आध्यात्मिक तथ्य तथा जीवन विकासको महत्त्वहरूलाई दर्शाउँछ। जैले जनजीवनमा नैतिकता, अनुशासन र चरित्र निर्माणमा सहायता मिल्न सक्छ त्यो अवश्य पनि आज नभए पनि भोलि पुजास्पद बन्दछ। आफ्नो कर्तव्य भारदेखि मुक्त हुनाको साथै ऊ संसारमा सधैंका लागि अमर हुन्छ ।

वाल्मीकि, व्यास, शङ्कराचार्य, तुलसी, सूर आदिलाई आफ्नो कृतिहरू प्रचार-प्रसार गर्नका लागि न त सम्पादक महानुभावको खुशामद, प्रशस्ति गर्न पऱ्यो न उनीहरूलाई इतिहासमा नै पढ्नु पऱ्यो, तर शताब्दियौंपछि पनि आज उनीहरू व्यक्ति-व्यक्तिको मुखबाट बोलिरहेछन्, किनभने उनीहरूले चरित्र निर्माण र धर्म तथा आध्यात्मिकतालाई नै अपनाएका थिए ।



मूल-प्रसङ्ग स्त्री पुरुषको धर्म अर्थात् कर्तव्यको थियो। ती कर्तव्यपथमा जहाँकहीं त्रुटि र कमजोरी देखिन्छ त्यसमा अधिकांश पुरुषवर्ग नै जिम्मेवार हुन्छन्। राम्रो हुन्छ, पुरुषवर्ग आफ्ना उत्तेजक र अनुचित संघर्षशील स्वभावलाई त्यागेर आफूलाई एक आदर्श पतिको रूपमा प्रस्तुत गरून् ! यस्तो गर्नाले उनीहरूका पत्नी स्वतः नै

# "नारीधर्म तथा पूरूषधर्म"

आफूलाई आदर्श धर्म पत्नीको रूपमा प्रस्तुत गर्ने प्रेरणा प्राप्त गर्दछन्, घर-परिवारको वातावरण शुद्ध एवम् शान्त हुन्छ ।

यहाँ जे जसो लेखिएको छ त्यो कुनै एक शिक्षित एवम् सच्चरित्र नारीको मनको मूक वेदनाले प्रेरित भएर लेखेको हो । आफ्नो निजी अनुभव त यो कुरामा छैन बराबर नै छ, तीन चौथाई भन्दा धेरै जीवन जङ्गल-पर्वतमा नै बित्यो र बितिरहेछ तर यसबीच स्त्री-पुरुषको मूक वेदनाहरू त ज्यादै धेरै सुन्नु पऱ्यो । यदि यसमा कुनै महानुभाव (पुरुषवर्ग) लाई कुनै कुरा उपयोगी प्रतीत हुन्छ त त्यसलाई अपनाएर आफ्नो पारिवारिक जीवनलाई सुखी र शान्त बनाऊन् यही शुभ कामना छ !!! १७

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु माकश्चित् दुःखभाग् भवेत् ॥

"श्री गुरु परमात्मने नमः"

गृहस्थ आश्रम सबै आश्रममा श्रेष्ठ मानिएको छ । ब्रह्मचर्याश्रमलाई विधिपूर्वक पालना गरेपछि गृहस्थाश्रममा प्रवेश गर्नुपर्छ, किनभने त्यो बेलासम्म मनुष्यको बुद्धि परिपक्व हुन्छ र शरीर बलवान्, वीर्यवान् एवम् आरोग्य-सम्पन्न हुन्छ । मन शुद्ध र सत्कार्यप्रति प्रवृत्त हुन्छ । जसरी प्राणी मात्र वायुको आश्रय लिन्छन् त्यसरी नै सबै आश्रमका मानिस गृहस्थाश्रमीहरूबाट आश्रय पाउँछन् । मनुले भनेका छन्-

यस्मात् त्रयोप्याश्रमिणो ज्ञानेनानेन चान्वहम् ।
गृहस्थनैव धार्यन्त तस्माज्ज्येष्ठो गृहस्थाश्रमी ॥

# "नारीधर्म तथा पूरूषधर्म"

अरू तीन आश्रमवालाको पालन-पोषणको भार गृहस्थीको काँधमा हुन्छ। कमजोर काँधमा यो भारलाई कसरी सम्हाल्न सक्तछ। शास्त्र भन्दछ दुर्वलेन्द्रिय स्त्री-पुरुष यो आश्रमलाई धारण गर्न सक्तैनन्। अतएव गृहस्थाश्रमलाई चलाउनका लागि स्त्री-पुरुषलाई आफ्नो शरीर र मनलाई खुवै बलियो तथा संयमित बनाउनु छ। सांसारिक व्यवहारलाई उत्तम रीतिले चलाउन सामर्थ्य र विद्या बल प्राप्त गरून्! अनि स्वयं र बुद्धिमान् सन्तान उत्पन्न हुन्छन् र गृहस्थाश्रमको बोझ सम्हालेर अरू आश्रमको सेवा गर्न सकिन्छ। यस आश्रममा आएर मनुष्य सत्कर्म गरेर मोक्ष प्राप्त गर्न सक्तछ। स्त्री-पुरुषको जुन वैवाहिक बन्धन हो, त्यसैको नाम गृहस्थाश्रम हो र उनीहरू दुवै एक भएर रहनाले नै गृहस्थको काम सुचारु रूपले सञ्चालित हुन्छ। १८

गृहस्थाश्रममा स्त्री-पुरुषको काम-वासनारहित प्रेम भावले संयतेन्द्रिय रहेर ज्ञानसहित सन्तानोत्पति गर्नुपर्छ। यो घर स्वर्गजस्तो हो, जहाँ स्त्री-पुरुष एक-अर्कालाई प्रेमयुक्त व्यवहार गर्दछन् तथा दुवै ईश्वरीय प्राकृतिक नियमानुसार आफ्नो कर्तव्यको पालना गर्दछन्। अन्यथा कामनायुक्त हुनाले स्त्री-पुरुष व्यवहारमा कुनै प्रतिबन्ध रहँदैन र यसैले सन्तान छिटो-छिटो हुन थाल्दछ र ती स्त्री बलहीन एवम् रोगग्रस्त हुन्छिन्। आज जनसंख्या तीव्रताले बढिरहेछ र यसैले परिवार नियोजनको (सदोष प्रक्रियाको) आवश्यकता अनिवार्य भएर एक जटिल समस्या उपस्थित भएको छ। यदि स्त्री-पुरुषले संयममा रहेर शुद्ध आचरण राखे तथा धार्मिक व्यवहार, ईश्वर भक्ति, धार्मिक पुस्तकहरूको अध्ययन, पाठ, प्रवचन आदि गरे भने मनोनिग्रह धारणले गर्दा यो समस्याको उन्मूलन हुन सक्तछ तर आजका वैज्ञानिक युगका मान्छे संयमको नाम सुन्नेबित्तिकै कामेको हृदयले

# ''नारीधर्म तथा पूरूषधर्म''

अनेक प्रकारका वहाना र कुतर्क सुनाउँदै आफ्नो कमजोरीलाई लुकाउने प्रयत्न गर्न लाग्दछन् ।

एक सन्तानपछि अर्को सन्तानमा कममा पनि पाँच वर्षको अन्तर हुनु आवश्यक छ। यसका लागि गर्भ-निरोधक कृत्रिम साधनहरूको उपयोग गर्छन् । तर, संयम श्रेष्ठ उपाय हो । नडराऊ, संयम अव्यवहारिक छैन । हाम्रो वर्तमान रहन-सहनको शैलीको कारण यो हामीलाई गाह्रो प्रतीत हुन लाग्यो ।

संयम राख्नु सधैं शास्त्र अनुकूल हुन्छ । संयम मनमा नै निर्भर गर्दछ । कृत्रिम साधनहरूले मन उच्छृङ्खल बन्दछ । मनको उच्छृङ्खलताले विषय भोगको परिमिति रहँदैन । ज्यादै स्त्री लम्पट रहनु हरेक अवस्थामा हानिकारक सिद्ध हुन्छ, किनभने स्त्री-पुरुषको सबै शक्ति, तेज, ओज, आयु, बुद्धि सबै रज वीर्यको आधारमा आश्रित हुन्छ । चरक आदि महर्षिहरूको यो नै सर्वोत्तम सिद्धान्त हो । आधुनिक डाक्टरीमत अनेक त्रुटिहरू तथा शङ्काहरूले युक्त छ । सूक्ष्म विचारको अगाडि उनीहरू निरुत्तर छन् ।

गृहस्थाश्रम गरेपछि स्त्री-पुरुषलाई स्वधर्ममा रत रहेर एक-अर्काको रक्षक बनेर रहनुपर्छ, इन्द्रियहरूको क्षणिक सुखको वशीभूत भएर एक-अर्काको भक्षक नबनून् ! यसैमा हाम्रो कल्याण छ । आफ्नो शक्तिलाई पर्याप्त रूपमा सञ्चित गर, आफ्नो आत्मा एवम् सत्यको प्रकाशलाई बढाऊ एवम् पुरुषार्थको साथ प्राणीमात्रको निःस्वार्थ भावले सेवा गरेर आफ्नो जीवनलाई सुचारु रूपले सञ्चालन गरिरहू यसैमा मानव जीवनको कल्याण छ ।



पिता रक्षति कौमारे भर्ता रक्षति यौवने ।
पुत्रश्च स्थविरे भावे नस्त्री स्वातन्त्यमर्हति ॥

# "नारीधर्म तथा पूरूषधर्म"

मनुको यो श्लोकको अर्थ आजको भौतिक समाजको युगमा अर्कै प्रकारले लगाइन्छ तर यसको अर्थ यसप्रकार गर्नुपर्छ-छोरी (कन्या) को रक्षा बाबु, तरुनीको लोग्ने र आमाको रक्षा छोराले गर्दछन्। स्त्री स्वतन्त्र रहेर आफ्नो रक्षा गर्न सक्तिनन्।

यो साँचो हो स्त्री शक्तिरूपा हुन् एवम् शक्तिको स्रोत हुन्। सारा संसारको शक्ति स्त्रीजातिहरूद्वारा नै मिल्दछ। तर, उनको शक्तिको देखरेख गर्नु कौमार्यावस्थासम्म बाबुको कर्तव्य हो। दिन प्रतिदिन उत्तरोत्तर उनको शक्तिको विकास हुँदै जाओस्, यसको भार कौमार्यावस्थामा बाबुमा छ। यसपछि युवावस्थामा उनको शक्तिको देख-रेख राख्नु लोग्नेको काम हो। गृहस्थ धर्मलाई सुचारु रूपले सञ्चालित एवम् धर्मयुक्त सन्तानोत्पत्ति गरेर उनको शक्ति देख-रेख गर्नु, अर्थात् उनको शक्ति कतै पनि कम नहोस्, यो कुराको ध्यान राख्नु पतिको कर्तव्य हो।

गृहस्थाश्रम समाप्त गरेपछि उनको शक्तिको देख-रेख गर्नु र सेवा गर्नु छोराको कर्तव्य हो। उनको शक्तिको जति सञ्चय हुन्छ, उत्ति नै उनको आत्माको विकास हुन्छ एवम् पतिव्रता धर्मले, आत्माको प्रकाश बढ्नाले पुनर्जन्ममा यो साँचेको सञ्चित शक्ति उनका लागि "अनेक जन्म संसिद्धस्ततो याति पराम् गतिम्"- मा सहायक हुन्छ।



शास्त्रले बाबुभन्दा सहस्रगुना धेरै आमाको सम्मान गर्न बताएको छ- "सहस्रंतु पितन्माता गौरवेणातिरिच्यते।"

धार्मिक दृष्टिले चतुर्थाश्रमी यति (संन्यासी) सर्ववन्द्य छन्। गृहस्थ बाबु पनि पुत्र (छोरा) संन्यासलाई बन्दना गर्दछन्, तर त्यो संन्यासीका लागि पनि धर्मानुसार मातृवन्दनाको विधान छ। स्कन्द पुराणको काशी खण्ड ११-५० मा "सर्ववन्द्येन यतिना प्रसूर्वन्द्या प्रयत्नतः।" यसरी लेखेको छ। पुरुषले सधैं नै नारीलाई माताका

रूपमा पूज्य एवम् मार्गदर्शिका मानिरहेछ। पत्नीका रूपमा प्राणभन्दा पनि ज्यादै प्रिय एवम् हृदयेश्वरी बनाएर उनलाई आफ्नो सर्वश्व समर्पण गरेर उनको रक्षण पोषणका लागि, वस्त्राभरण जुटाउनका लागि दिनरात परिश्रम गरिरहेछ। यतिमात्र होइन, नारीको सङ्केतले नै प्रेम बन्धनमा बाँधिएको पुरुष सबै काम गरिरहेछ। प्रेमले नै पुरुषले स्त्रीलाई वशमा राख्न सकेका छन्। प्रेमले नै स्त्रीले पनि पुरुषलाई ईशारामा नचाइरहन्छिन्।

धार्मिक-आध्यात्मिक संस्कारशून्य समाजका मानिसमा स्त्रीलाई घाँटीमा डोरी बाँधेर राख्ने प्रथा हुन सक्तछ, खालि एक, दुई महिनाका लागि पनि विवाह दर्ता (रजिष्टर) गर्ने अवस्था हुन सक्तछ, तर हिन्दू-धर्ममा यो व्यवस्था कहिले रहेन, त्यसमा त स्त्रीले एकै पुरुषसँग सम्बन्ध शुद्ध धर्ममूलक रह्यो। धर्म नियन्त्रित स्नेह एवम् अर्थ व्यवस्था त्यसको आनुषङ्गिक फल रह्यो। पशुहरूको अपेक्षा मनुष्यको मनुष्यता एवम् विशेषता नै यो छ। मनुष्य प्रत्यक्ष अनुमानको अतिरिक्त आगम (शास्त्र) प्रमाण पनि मान्दछ र तदनुकूल ऊ धार्मिक हुन्छ। पति-पत्नीको असाधारण सम्बन्धले पत्नी, पुत्री, बहिनी, आमा आदिको असाधारण व्यवस्था हुन्छ। तदनुकूल नै उत्तराधिकारको व्यवस्था पनि चल्दछ। त्यसैले आस्तिकवादीहरूको भनाइ छ- प्रत्यक्षानुमानाश्रित वृद्धि जहाँसम्म कुद्छ, त्यहाँसम्म हिँड्नेहरू बाँदर आदि पशु हुन्छन् तर प्रत्यक्षानुमानातिरिक्त आगमको (शास्त्रको) अनुसार धार्मिक, आध्यात्मिक, सामाजिक व्यवस्था गरेर हिँड्नेहरू नर अर्थात् मानव हुन्छन्। "तन्त्रवार्तिक" मा भनिएको छ-



मतयो यत्र गच्छन्ति तत्र गच्छन्ति वानराः।
शास्त्राणि यत्र गच्छन्ति तत्र गच्छन्ति ते नराः॥

# "नारीधर्म तथा पूरूषधर्म"

आजकालका जडवादी मानिस धर्मलाई नमानेर भन्दछन् "पातिव्रत धर्म खालि व्यक्तिगत सम्पत्तिको आधारमा बनेको छ। समाज नष्ट-भ्रष्ट नहोस्, यसैले एउटै पुरुषसँग सम्बन्ध राख्नलाई स्त्रीलाई सम्झाई-बुझाई राजी गराइए र तदनुसार नै धर्म नीति, रिवाज बनाइए एवम् स्त्रीको स्वतन्त्रतामा धर्म र भगवान् रिसाउने डर देखाए। यसको अतिरिक्त पातिव्रत्य धर्मको अरू कुनै अर्थ छैन।" जडवादीहरू योभन्दा धेरै आशा पनि के गर्न सक्तछन् र जसको दृष्टिमा विश्वको कारण सर्वज्ञ ईश्वर नै रहँदैन, जो भूतप्रेतको कल्पनालाई नै परिस्कृत रूपमा ईश्वरको कल्पना गर्दछन्, जसको मतानुसार धर्म- कल्पनाभी मस्तिष्कको भ्रम मात्र हो, उनीहरू सीता, सावित्री आदिको परम गम्भीर पातिव्रत्य धर्मलाई कसरी बुझ्न सक्तछन् ? सीताको अग्नि प्रवेशद्वारा दिव्यरूपमा जीवित हुनु, सावित्रीले यमराजसँग आफ्नो मृत पतिलाई फेरि प्राप्त गर्नु, शाण्डिलीले सूर्यनारायणलाई उदाउनका लागि प्रतिबन्ध लगाउनु आदि जडवादी दृष्टिले खालि कल्पना मात्र नै हो। आश्चर्य छ, परम सत्य आर्य इतिहास त नास्तिक जडवादीको दृष्टिमा झूटो छ, तर बाँदरबाट मनुष्य उत्पन्न हुने निराधार विकासवादी इतिहास सत्य छ। आधुनिक जडवादी पश्चिमी देशहरूको अस्तव्यस्त पारिवारिक सम्बन्धलाई तथा अनेक कटुपरिणामलाई देखेर पनि केही बुझिरहेका छैनन्। आफ्नो सुधारवादको नचाहिँदो घोषणा गरेर आफ्नो तथा अरूको जीवनलाई अशान्त एवम् दुःखी बनाइरहेछन्। २२

स्त्री सधैं नै लज्जाशील हुन्छिन्, उनी कहिल्यै अभियोगिनी हुँदिनन्। पुरुष नै स्वेच्छाचारी भएर स्त्रीलाई बेश्या बनाउँदछन्। जहाँ पुरुष स्वेच्छाचारी हुँदैन, त्यहाँ स्त्री पनि बेश्या हुनै सक्तिनन्। स्त्री-पुरुषको हृदयेश्वरी हुन्, प्राणेश्वरी हुन्, आत्मारूप माता हुन्। उनको अंश एवम् अधिकारको कुरा जडवादी नास्तिकहरूद्वारा नै उठाइको हो र उठाइन्छ। स्त्रीलाई पुरुष बराबर बनाउने प्रयत्न गर्नु

उनको अपमान गर्नु हो, उनको हजारौं गुण तल खसाल्नु हो। विवाह गरेर पारिवारिक कर्तव्यहरूलाई पालना गर्ने उदात्त कर्तव्यलाई झगडा या झन्झट सम्झने प्रवृत्ति जडवादी उच्छृङ्खलको नै प्रेरणा हो। स्त्री र पुरुष सबै यदि नोकर-नोकर्नी बने त उनीहरूको सन्तानको पनि अवश्य नै नोकर मनोवृत्ति बन्दछ। आमाको दूध नपाएर, जननीको स्नेह नपाएर, बट्टाको दूध पिउने बच्चा निम्न श्रेणीका नै हुन्छन्। आमा-बाबुको पनि बच्चाहरूमा कुनै प्रेम हुँदैन बच्चाहरूको पनि आमा-बाबुप्रति कुनै आकर्षण अनुराग हुँदैन। पति-पत्नीमा पनि परस्पर स्थायी प्रेम नहुनाले कुनै पनि सम्बन्धको स्थिरता हुँदैन। सबै सम्बन्ध वासना तृप्ति र पैसाका लागि हुन्छ। सानो-सानो कुरामा मनमुटाव र अविश्वासको भावनाहरू बढ्दछन्। विवाहको केही दिनमा नै पारपाचुके (सम्बन्धविच्छेद) गर्ने गराउने परम्परा चलिनै रहन्छ। यसैलाई आजकालको सुधारणा भन्ने या कुधारणा आफैं विचार गर।



धर्मशास्त्र, इतिहास, पुराणादिमा स्त्रीका लागि सर्वोपरि कर्तव्य मानिएको छ, पातिव्रत्य धर्म। पातिव्रत्य धर्मको प्रभावले स्त्री कसैलाई वर या श्राप दिन सक्तछिन् र आफ्नो पतिलाई पनि आफ्नो साथ परमधर्ममा लग्न सक्तछिन्। सुभा नाम गरेकी स्त्री पातिव्रत्य धर्मको प्रभावले आफ्नो पतिसहित परमधाम गइन्। उनको कथा पद्म पुराणको सृष्टि खण्डमा तथा त्यही पुराणको भूमि खण्डमा कृकल वैश्यकी पत्नी सुक्ला जो ज्यादै ठूलो पतिव्रता थिइन्। उनको कथा आएको छ। इन्द्र र कामदेव पनि उनको डरले भागे। ब्रह्मा, विष्णु, महेशले उनको घर आएर उनलाई दर्शन दिए। उनी आफ्नो पतिसँगै परमगति प्राप्त भइन्। अत्रि ऋषिकी धर्मपत्नी पतिव्रता अनुसूयाको कथा प्रसिद्ध नै छ। उनले वनवासको समयमा सीताजीलाई पतिव्रता धर्मको विषयमा उत्तम उपदेश दिइन् अर्थात् मन, वाणी र शरीरले पति अनुकूल रहनु नै स्त्रीको परम कर्तव्य हो। पतिको धर्मको

# "नारीधर्म तथा पूरूषधर्म"

अनुकूल आज्ञाको पालना गर्नु पत्नीको ठूलो धर्म हो । तर, यदि कसैले पतिलाई सेवा र उनलाई सुख पुऱ्याउने उद्देश्यले स्वार्थ त्यागपूर्वक पतिको आज्ञाको विपरीत कहिले आग्रह गरे पनि दोष लाग्दैन । जसरी भगवान् रामचन्द्रजी सीतालाई वनका धेरै कठिनाइ देखाएर घरमा नै बस्ने आदेश दिनुहुन्छ, तर सीता यो आदेशलाई नमानेर उनको सेवाका लागि वन जाने नै आग्रह गर्नुहुन्छ र भन्नुहुन्छ- "कृपानिधान स्वामिन् ? हजूर वनको ज्यादै डरलाग्दो, विषाद, दुःख, भय, कठिनाइ देखाउनुस् तर यी सबै मिलेर हजूरको अलिकता वियोगको कठिनाइ समान पनि हुँदैन, गहन भाररूप र संसार यमयातनाको समान प्रतीत हुन्छ । हजूरको वियोगसम्बन्धी कठोर वचन सुनेर पनि मेरो हृदय जुन फुट्दैन यसबाट यो बुझिन्छ हजूरको विषय वियोगको भयङ्कर दुःखलाई यो मेरो प्राण सहिरहन्छ, प्राण देह त्याग गरेर निक्लँदैन । हजूर यदि यो सम्झनुहुन्छ सीता मेरो वियोगमा जिउँदी रहन्नन् त हजूर मलाई यस्तो आज्ञा नै दिनुहुन्न थियो ।"

श्रीसीताजीले समस्त स्त्रीहरूलाई शिक्षा दिनका लागि स्वयं आचरण गरेर पातिव्रत्य धर्मको दिग्दर्शन गराउनुभयो । उहाँले सुख भोग, राजमहल, आभूषण, रेशमी वस्त्र, स्वादिष्ट भोजन आदि सम्पूर्ण सामग्रीहरूलाई तुच्छ सम्झेर त्यसलाई परित्याग गर्नुभयो तथा पतिको सुखका लागि पतिसँगै रूखमुनि पर्णशालामा बस्नु, सर्दी, गर्मी, वर्षा आदि सहनु र कन्दमूल फलफूल खाएर जीवन निर्वाह गर्ने आदि कठोर व्रतलाई पालन गरेर स्त्रीहरूको परम धर्म पातिव्रत्य धर्मको नियमपूर्वक अनुष्ठान गरेर सबैका लागि सुन्दर आदर्श उपस्थित गर्नुभयो ।



पातिव्रत्य धर्मपरायण सावित्रीको कथा महाभारतको वनपर्वमा आउँछ, पातिव्रत्य धर्मको प्रभावले उनले धर्मराज माथि पनि विजय प्राप्त गरिन् । सासू-ससुराका लागि पनि अनेकौं वर मागेर लोग्नेलाई पनि यमराजको फन्दाबाट छुटाइन् ।

# "नारीधर्म तथा पूरूषधर्म"

पतिव्रता मदालशाले आफ्ना छोराहरूलाई उत्तम शिक्षा दिएर उनीहरूलाई जीवनमुक्त बनाइदिइन् र आफू उत्तम गतिमा प्राप्त भइन्।

पतिव्रता दमयन्तीले उनीमाथि खराब दृष्टि राख्ने दुराचारी ब्याधालाई आफ्नो पतिव्रता धर्मको प्रभावले भष्म गरेकी थिइन्। (महाभारत वनपर्व)। यस्तै प्रकार अरू पनि अनेक पतिव्रताहरूको उदाहरण इतिहास पुराणादिमा पाइन्छ।

आजकाल त शास्त्र विधिले विवाह नगरेर रजिष्ट्रेशन मात्रले विवाह हुने प्रथाको समर्थन भइरहेछ, त्यो कुनै राम्रो प्रथा होइन। यसले विवाहको पवित्रता त नष्ट हुन्छ नै, प्रेमको बन्धन पनि रहँदैन, जहिले पनि कुरा-कुरामा नै विवाह विच्छेदको प्रसंग उपस्थित हुन्छ। पाश्चात्य देशमा आज यही त भइरहेछ। त्यसबाट हाम्रा आधुनिक सुधारवादी बन्धुहरूले केही त शिक्षा लिनुपर्दछ। हाम्रो धर्ममा शास्त्रीय पद्धतिले विवाह गर्ने जुन प्रथा प्रचलित छ त्यो ज्यादै नै उत्तम छ। त्यसले लोग्ने-स्वास्नीको जीवनमा ज्यादै राम्रो प्रभाव पर्छ, त्यसमा लोग्ने-स्वास्नीको प्रेम सम्बन्ध आजीवन बनिरहन्छ। २५

जस्तो एकनिष्ठ भगवद्भक्तका लागि भगवान्को दर्शन, भाषण, स्पर्श, वार्तालाप, चिन्तन सबै रसमय, अमृतमय, प्रेममय र आनन्दमय हुन्छ, त्यस्तै प्रकार पतिमा एकनिष्ठा राख्ने स्त्रीले पतिको दर्शन, भाषण, स्पर्श, वार्तालाप, चिन्तन सबै रसमय र आनन्दमय सम्झनुपर्छ। कहिल्यै कुनै समयमा पनि आफ्नो र लोग्ने दुवैका इच्छाहरू न्याययुक्त भए तापनि आफ्नो इच्छा त्याग गरेर ज्यादै उत्साहले लोग्नेको इच्छा अनुकूल नै आचरण गर। लोग्नेसँग सधैं आदर, सत्कार, प्रेम र त्यागले पूर्ण व्यवहार गर्नुपर्छ, यदि लोग्नेले कुनै धर्मविरुद्ध आचरण गर्नका लागि भने पनि लोग्नेको हितका लागि त्यो कार्य नगरेर अनुनय, विनय र स्तुति प्रार्थनाद्वारा उनलाई पनि अधर्मबाट बचाओस्। तर, पतिको विचारलाई प्रत्यक्ष खण्डन नगरेर जे जसो भन्नु छ जब पति प्रसन्न हुन्छन् अति नम्रतापूर्वक मीठो र

# "नारीधर्म तथा पूरूषधर्म"

सरल शब्दमा भन्ने गरेर लोग्नेको अगाडि जहिले पनि हंसमुख र विनययुक्त नै रहू । लोग्नेको सेवाको कार्यलाई यथाशक्य आफैं गर । लोग्नेको मनमा दुःख हुने काम बिर्सेर पनि नगर । लोग्नेका आमा-बाबु या अन्य पूजनीय मानिसहरूलाई पनि आदर-सत्कार सेवा-पूजा पतिका लागि कर्तव्य सम्झेर गर । पतिव्रता स्त्रीले आफ्नो छोरा-छोरीको सम्मुख आफ्नो उत्तम आचरणहरू र शिष्टाचारको नियमको आदर्श राखेर उनीहरूलाई असल शिक्षा दिऊन्, कुटुम्बको अरू केटा- केटीहरूको पालन-पोषण पनि ज्यादै प्रेमले आफ्ना छोरा-छोरी समान नै गरून्, उनीहरूसँग स्तनपानादि प्रथाहरूद्वारा आफ्ना छोरा-छोरी भन्दा धेरै प्रेमले व्यवहार गरून्, आफ्ना सन्तानको अपेक्षा उनीहरूलाई पहिले धेरै र राम्रो सेवा दिऊन् । यस्तो गर्नाले ती केटाकेटी र उनका आमा-बाबु आदि पनि ती नारीको अनुकूल हुन सक्तछन् र स्वार्थरहित भएर गर्नाले त यस लोकमा कीर्ति र परलोकमा परमगति प्राप्त हुन्छ । आफ्नो मन, बुद्धि, इन्द्रिय, शरीर तथा आफ्नो अधिकारको वस्तुहरूद्वारा निष्काम भावले अर्काको हित र सेवा गर्नुपर्छ, तर अरूद्वारा सेवा गराउन र आदर-सत्कार, मान-मर्यादा र प्रतिष्ठा प्राप्त गर्ने कहिल्यै इच्छा गर्नु हुँदैन । अर्काको माल लिने पनि कहिल्यै इच्छा गर्नु हुँदैन, यदि लिनै परे पनि त उनीहरूको (अरूको) सन्तोषका लागि अलिकता लिनुपर्छ, चाहे तिनीहरू घर या माइतका मानिस किन नहुन् । निःस्वार्थ भावले यस्तो लिनु पनि उनीहरूको सेवा नै हो, तर अभिमानपूर्वक, मान बढाइँ र स्वार्थ सिद्धिको इच्छाले मन, वाणी, शरीर पदार्थहरूद्वारा अर्काको सेवा सत्कार गर्नु पनि वास्तविक सेवा सत्कार होइन । घरको प्रत्येक कार्यलाई पतिको इच्छा अनुकूल ज्यादै राम्रो तरिकाले रेखदेख गरून् र आफ्नो घरको परिस्थितिलाई बुझेर नै खर्च गरून् अनावश्यक खर्च कहिल्यै नगरून् । मनुले भनेका छन्:-



सदा प्रहृष्टया भाव्यं गृहकार्येषु दक्षया ।
सुसंस्कृतोपस्करया व्यये चामुक्तहस्तया ॥

# ''नारीधर्म तथा पूरूषधर्म''

स्त्रीले सधैं नै प्रसन्न रहनु र घरको कार्यमा दक्ष हुनुपर्छ। उनी घरको प्रत्येक सामग्रीलाई स्वच्छ राख्ने र अनावश्यक खर्च गर्ने खालकी नबनून् । २७

यहाँ यो अत्यन्त महत्त्वपूर्ण कुरा पनि राम्ररी बुझ्नु पर्‍यो कि जहाँ स्त्रीका लागि शास्त्रले नारी धर्मको विधान बनाएको छ त्यहाँ पुरुषहरूका लागि पनि पति धर्मको विधान बनाएको छ। यदि पतिहरू यो चाहन्छन् कि उनका स्त्रीहरू पतिव्रता धर्मको पालन गरून् त नारीहरू पनि चाहन्छन् उनीहरूका पति पनि एक पत्नीव्रत आदि पति धर्मको पालन गरून्। तर, दुःखले यो भन्नुपर्छ यसमा पुरुषले नै अपेक्षाकृत ज्यादै पति धर्मको उल्लङ्घन गरिरहेछन् तथा नारीवर्गले धर्मको नाताले ती सबै कुरालाई सहर्ष सहिरहेछन् । अन्यथा पाश्चात्य समाजको अनुसार हाम्रो समाजको पारिवारिक धर्म पनि अस्त-व्यस्त हुन्छ ।

अब पतिको कर्तव्य बताइन्छ। पति आफ्नी पत्नीलाई आफ्नो अङ्ग समान सम्झियोस्, किनभने उनी उसकी अर्धाङ्गिनी हुन्। उनी रोगी भइन् या कुनै किसिमको आपत्तिमा परिन् भने जसरी आफ्नो शरीरको रक्षा गरिन्छ त्यसरी नै उनको रक्षा र सेवा गरोस्। स्वास्नीका आमा-बाबुलाई आफ्ना आमा-बाबुको समान र उनका भाइ-बहिनी, भाउजूलाई आफ्नै भाइ-बहिनी, भाउजू सम्झेर आदर गर्नुपर्छ। स्त्री यदि अपठित हुन्, अन्धी हुन्, बहिरी हुन्, बूढी हुन् तापनि उनको निन्दा अपमान अनादर, तिरस्कार नगरोस्। उनलाई रिस उठे पनि प्रेमले सम्झाओस्। उनलाई या उनका आमा-बाबुलाई कहिले नमीठो वचन नभनोस्। जुन पुरुष आफ्नी स्वास्नीलाई गाली गर्छ या पिट्छ त्यो नरकगामी हुन्छ, अतः जुन प्रकारले पत्नीको यो लोक र परलोकमा हित हुन्छ त्यस्तै नै प्रयत्न सधैं निष्काम भावले

गरिरहनुपर्छ। क्रूरताको अपेक्षा प्रेम भावले काम लिँदा धेरै सुधार हुन सक्तछ, मनुले भनेका छन्:-

प्रजानार्थ महाभागाः पूजार्हा गृहदीप्तयः ।
स्त्रियः श्रियश्च गेहेषु न विशेषोस्ति कश्चनः ॥

परम् सौभाग्यशालीनी स्त्रीहरू सन्तानोत्पादनका लागि हुन्, विषय-भोगका सामग्री होइनन्। उनीहरू सधैँ सम्मानयोग्य र घरका शोभा हुन्। घरमा जति स्त्रीहरू छन् ती सबै लक्ष्मी बराबर हुन्छन्। उनीहरूमा र लक्ष्मीमा कुनै अन्तर छैन।

अपत्यं धर्मकार्याणि शुश्रूषा रतिरुत्तमा । २८
दाराधीनस्तथा स्वर्गः पितृणामात्मनश्च या ॥

सन्तानको प्राप्ति, धर्मकार्यको अनुष्ठान, सेवाकार्य, पितृको स्वर्ग प्राप्ति र आफ्नो पनि उन्नति स्त्रीको अधीनमा छ।

यसैले स्त्रीलाई आफ्नो मित्र मानेर (सम्झेर) उनीसँग सधैँ सद्व्यवहार गर्नुपर्छ। जब विवाह हुन्छ त्यतिबेला पत्नीले प्रार्थना गर्दा पुरुष उनीसँग यो प्रतिज्ञा गर्दछन्:-

मदीयचित्तानुगतं च चित्तं सदा ममाज्ञा परिपालनं च ।
पतिव्रता धर्मपरायणा त्वं कुर्यास्तदा सर्वमिदं प्रयत्नम् ॥

यदि तिमीं सधैँ मेरो मनको अनुकूल आफ्नो मन राख्दछ्यौ, सधैँ मेरो धर्मयुक्त आज्ञाको पालन गरेर पतिव्रता धर्मको परायण रहन्छ्यौ भने म तिमीले भनेको कुरा मान्दछु। यो प्रतिज्ञाको अनुसार पुरुषलाई राम्रो हुन्छ, यज्ञ, दान, तीर्थ, व्रत, देवकार्य या पितृकार्य आदि अरू पनि धार्मिक कार्य गर्दा ऊ पत्नीलाई साथमा लिएर गरोस्। विदेश गए सकेसम्म पत्नीलाई पनि सँगै लगोस् परस्त्रीको

कहिले सेवन नगरोस्। व्यापार आदि जीविकोपार्जनको कार्यमा उनको सल्लाह लिँदै गरोस्। जहाँ मतभेद हुन्छ, त्यहाँ पत्नीको इच्छा न्याययुक्त छ भने आफ्नो इच्छा परित्याग गरेर उनको इच्छा अनुसार कार्य गरोस्। उनीसँग आदर-सत्कारपूर्वक व्यवहार गरोस्। तिरस्कार त कहिल्यै नगरोस्। पत्नी रोगग्रस्त या कुरूप होस् अथवा उनीबाट कुनै अपराध होस् या आफ्नो मनका विपरीत व्यवहार गरे पनि उनको परित्याग नगरोस्। न पिटमार गरोस्, न डरत्रास देखाओस् तर ठीक उल्टो उनको अपराधलाई क्षमा गरेर उनलाई प्रेमले यसरी सम्झाओस्, कि उनले भविष्यमा यस्तो भूल नगरून्। मनुले भनेका छन्:-

यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता।<br>
यत्र तास्तु न पूज्यन्ते सर्वास्तत्राफला क्रिया॥

जहाँ स्त्रीहरूको आदर सत्कार गरिन्छ, त्यहाँ देवता रमण गर्दछन् र जहाँ उनीहरूको अनादर तिरस्कार गरिन्छ त्यहाँ, सबै कार्य निष्फल हुन्छन्।

यदि पत्नीको इच्छा धर्मविरुद्ध छैन भने उनको इच्छा मुताविक दान, धर्म, सेवा, तीर्थ व्रत आदिमा खर्च गर्नका लागि आफ्नो शक्ति अनुसार उनलाई धनादि पदार्थ देऊ र उनलाई खान-पिउन, वस्त्रभूषणादिको न्याययुक्त आवश्यकतालाई पूरा गरेर आफ्नो प्रेमपूर्ण व्यवहारले सधैं उनलाई प्रसन्न राख र उनैको हितका लागि निःस्वार्थ भावले उनको सदा सर्वदा रक्षा गर। मनुले भन्नुभएको छ:-

सूक्ष्मेभ्योऽपि प्रसङ्गेभ्यः स्त्रियोरक्षा विशेषतः।<br>
द्वयोर्हि कुलयोः शोकमावहेयुररक्षिता॥

# "नारीधर्म तथा पूरूषधर्म"

कुसंगत अथवा आशक्ति सूक्ष्मभन्दा सूक्ष्म किन नहोस्, त्यसबाट पनि स्त्रीहरूलाई विशेष रूपमा रक्षा गर्नुपर्छ, किनभने रक्षित नहुनाले उनी बाबु र लोग्ने दुवैको नै कुललाई शोकमग्न पार्दछिन्।

यस प्रकार पति-पत्नी दुवै एक-अर्काको कर्तव्य पालनतिर नहेरेर स्वयं आफ्नो कर्तव्यको निष्काम भावले पालन गरेर एक-अर्कासँग सधैं सन्तुष्ट रहे यसबाट उनीहरू दुवैको कल्याण हुन्छ।

सन्तुष्टो भार्यया भर्ता भर्त्रा भार्या तथैव च।
यस्मिन्नेव कुले नित्यं कल्याणं तत्र वै ध्रुवम्॥ ३०

जुन कुलमा स्त्रीसँग प्रति नित्य प्रसन्न रहन्छ त्यस्तै पतिदेखि स्त्री प्रसन्न रहन्छिन् त्यहाँ अवश्य पनि कल्याण हुन्छ। अस्तु।

भौतिकताको बढ्दो प्रभावले आउँदो सभ्य संसारमा यस्ता शंकाहरू प्रायः उठिरहन्छन्। नर र नारी एकै सृष्टिकर्ता जगदीश्वरका सन्तान हुन्। तर, दुवैको अधिकार तथा धर्म बेग्ला-बेग्लै छ, यस्तो किन ? यसको उत्तरमा यही भन्नुपर्छ- अवश्य नै स्त्री र पुरुष दुवैमा एउटै आत्मा विद्यमान छ तर दुवैको प्रकृति सर्वथा बेग्ला-बेग्लै छ। जसरी स्थूल जगत्मा पनि मातृशक्तिको आधिक्यले छोरी जन्मन्छिन् त्यस्तै आदि सृष्टिमा जब प्रकृति पुरुषको संयोगले जगत्को उत्पत्ति भयो अनि एक प्रकृतिको शक्तिलाई लिएर नारी धारा जड जगत्मा (Negative) र अर्को पुरुष अर्थात् परमात्माको शक्तिलाई लिएर पुरुष धारा (Positive) चल्यो। जुन जीव नारी धारामा आयो, त्यो चौरासी लाख योनिसम्म नारी जीव बनी-बनी अन्तमा मनुष्य योनिमा आएर स्त्री नै बन्यो र जुन जीव पुरुष धारामा आयो त्यो चौरासी लाख योनिसम्म पुरुष जीव बन्दा-बन्दा अन्तमा मनुष्य योनिमा आएर पुरुषै बन्यो। प्रायः यस्तै नै नियम छ। यसको कहिलेकाहीँ श्राप, वरदान या अन्य कुनै विशेष कारणवश अपवाद पनि हुन्छ। उभय (स्त्री पुरुष) शक्तिहरूको समानता भएर सृष्टि चल्न सक्तैन, किनभने विषमता नै

सृष्टिको कारण हो र समता लयको कारण हो । यही कारण हो स्थूल जगत्मा पनि पितृशक्ति र मातृशक्ति अर्थात् रजोवीर्य शक्तिको बराबर भए प्रायः नपुंसक सन्तान उत्पन्न हुन्छन् र नपुंसकबाट फेरि सृष्टि हुँदैन । अतः प्रमाणित हुन्छ-स्त्री र पुरुष दुवैमा आत्मा एक भएर पनि प्रकृति बेग्ला-बेग्लै हुन्छ र यिनै कारणले दुवैको अवयवहरूमा र धर्म तथा अधिकारमा विभिन्नता हुन्छ । पुरुषमा पुरुष शक्तिको प्रधानता र नारीमा प्रकृतिशक्तिको प्रधानता हुन्छ देवीभागवतमा भनेको छः-

सर्वाः प्रकृति संभूता उत्तमाधममध्यमाः ।
कलाशांश समुदूताः प्रति विश्वेषु योषिताः ॥

उत्तम, मध्यम, अधम सबै प्रकारका स्त्रीहरू प्रकृतिको अंशबाट नै उत्पन्न हुन्छन् । प्रत्येक विश्वमा सबै स्त्रीहरू उनैको कलाले बनेका हुन्छन् । अतः सृष्टिको स्वभावानुसार नै पुरुषमा परम पुरुषशक्तिको प्राधान्य र नारीमा प्रकृति शक्तिको प्राधान्य हुन्छ । जब प्रकृति (स्वभाव) बेग्ला-बेग्लै छ, अनि धर्म र अधिकार पनि बेग्ला-बेग्लै अवश्य नै हुन्छ, किनभने प्रकृतिको अनुसार नै धर्म तथा अधिकार हुन्छ- "प्रकृति यान्ति भूतानि निग्रहः किं करिष्यति ।" यही कारण छ आर्य शास्त्रमा नारीको धर्म तथा अधिकार भिन्न प्रकारको बताइएको छ ।



मानव जीवनको लक्ष्य वास्तवमा भगवत्प्राप्ति या मुक्ति हो । यो मुक्ति परमात्मामा लय नभई मिल्दैन । यसैले मुक्तिका लागि स्त्री-पुरुष दुवैलाई नै साधनाद्वारा परमात्मामा लय हुनु आवश्यक छ । पुरुषमा त परम-पुरुष परमात्माको शक्ति धेरै छैन । अतः मुक्ति लाभार्थ उसको यति नै कर्तव्य हुन्छ त्यो बन्धन गर्ने अशुद्ध माया या प्रकृतिलाई छाडेर आफ्नो भित्र जुन परमात्माको अधिक शक्ति छ, त्यसलाई आफ्नो स्वरूपमा चिन-अहं ब्रह्मास्मि- म ब्रह्म हुँ, तर स्त्रीको भित्र त प्रकृतिको सत्ता ज्यादै छ, स्त्री त्यसको अक्षरूपिनी

# "नारीधर्म तथा पूरूषधर्म"

हुन् । यसैले उनी आफ्ना सत्तालाई कहाँ छोड्छिन् ? उनी आफ्ना सत्तालाई छोड्न सक्तिनन् । तर, पुरुषको सत्तामा आफ्ना सत्तालाई मिलाउन सक्तछिन् र स्त्रीमा समर्पणको भावना प्रबल हुनाले यो उनका लागि स्वाभाविक पनि हो, यसैकारण आफ्नो स्त्रीसत्तालाई पुरुषसत्ता या पतिसत्तामा लीन गरिदिनु नै स्त्रीको स्वाभाविक धर्म हो र यसैलाई पतिव्रत्य धर्म भन्दछन् । जुन महाभागास्त्री आफ्नो सत्तालाई मैत्रेयी, गार्गी आदि जस्तैले एकचोटि सीधा नै परम पति परमात्मामा लय गर्न सक्तछन्, ती ब्रह्मवादिनी कहलाउँछन्, ती स्त्रीहरूमा प्रायः काम विकास छैन बराबर नै हुन्छ, उनीहरूमा कुनै त रजस्वला पनि हुँदैनन् । अरू स्त्रीहरू आफ्नो लोग्नेलाई नै भगवान्को रूप सम्झेर उनीहरूमा नै सीता, सावित्री आदिले झैं आफ्नो मन-प्राणलाई तल्लीन गर्दछन् र यो नै उनीहरूका लागि स्वाभाविक तथा सहज सर-साधन हो । यिनै कारण आर्यशास्त्रमा पातिव्रत्य धर्मको यति गौरव तथा स्त्री जातिको मोक्षका लागि यसैलाई एकमात्र धर्म भनिएको छ । यही धर्मशास्त्र-वर्णित पातिव्रत्य या सती धर्मको वैज्ञानिक रहस्य छ । सती-धर्मको यो रहस्यलाई संसारका सबै जातिले पूर्णरूपले बुझेका छैनन् । जुन जातिको आध्यात्मिक स्थितिको उन्नति जति धेरै हुन्छ, त्यो जाति यो रहस्यलाई उत्ति नै धेरै बुझ्दछन् । आर्य जातिका महर्षिहरूले यस जातिको लक्ष्य आत्मानन्दको प्राप्ति या मोक्षसिद्धिलाई मानेका छन् । यिनै कारण आर्य जातिको धर्म सिद्धान्तानुसार स्थूल इन्द्रियको विषय भोगमात्र नै जीवनको चरम उद्देश्य होइन, तर विषय तृष्णालाई पर पन्छाएर वैराग्यद्वारा परमात्माको आनन्दमा लीन हुनु नै चरमोद्देश्य हो । अतः त्यागमय सती धर्मको गौरव नै यहाँ पराकाष्ठामा पुगेको छ । भगवान् रामले सीताको बारेमा भन्नुभयोः-



कार्येषु मन्त्री, करणेषु दासी, धर्मेषु पत्नी, क्षमया धरित्री ।
स्नेहेषु माता शयनेशु रम्भा रङ्गे सखी लक्ष्मण सा प्रिया मे ॥

# "नारीधर्म तथा पूरूषधर्म"

हे लक्ष्मण ! सती सीता परामर्श दिनमा मन्त्री समान, कार्य गर्नमा दासी-सदृशी, धर्मकार्यमा अर्द्धाङ्गिनी र पृथ्वीतुल्य सहनशीला, माताको समान स्नेहशीला, सहवासमा दिव्यस्त्री र कौतुकको समय सखीको सदृश आचरणशीला छन् । यी सबै सती स्त्रीको दिव्य गुणावली हो ।

अब नारी धर्मको आदर्शभूता सतीहरू तथा उदाहरणको रूपमा कुनै एक ब्रह्मवादिनी आदर्श नारीको संक्षिप्त जीवन-चरित्र लेख्दछु । ३३

एकचोटि ब्रह्माजीको सभामा सबै देवता उपस्थित थिए । प्रजापति दक्ष सबैभन्दा पछाडि त्यहाँ आए । उनलाई देखेर सबै देवता उनको सम्मानमा उठे ब्रह्माजी उठ्ने प्रश्न नै थिएन । उनी दक्षका बाबु नै थिए । भगवान् शङ्कर ध्यानस्थ थिए, अतः उठेनन् । दक्षले आफ्नी छोरी सतीको विवाह शिवसँग गरेका थिए । आफ्नो ज्वाइँ नै आफ्नो सम्मानमा आसनबाट उठेनन् यसमा दक्षलाई आफ्नो अपमान लाग्यो । उनले शङ्करजीलाई धेरै गाली गरे । क्रोधमा श्राप दिए । आफ्नो स्वामीलाई श्राप दिएकाले चिढिएर नन्दीश्वरले दक्ष तथा ब्राह्मणहरूलाई श्राप दिए । प्रत्युत्तरमा महर्षि भृगुले शिवानुयायीहरूलाई श्राप दिए । कुरो यो हदसम्म बढ्यो, यो देखेर खिन्नचित्त भगवान् शङ्कर उठेर आफ्ना गणहरूसँग त्यहाँबाट हिंडे ।

समय बित्यो, तर दक्षको मनको क्रोध गएन । उनले चित्तमा भगवान् शिवसँग द्वेष नै गरे । ब्रह्माजीले जब दक्षलाई प्रजापतिहरूको अग्रणी बनाए अनि दक्षले एउटा ठूलो महायज्ञ सुरु गरे । यज्ञ जानी बुझिकन भगवान् शङ्करलाई तिरस्कार गर्नका लागि नै गरिएको थियो । अतः यज्ञमा दक्षले आफ्नी छोरी र ज्वाइँ शिवलाई निम्ता गरेनन् ।

# "नारीधर्म तथा पूरूषधर्म"

गगन मार्गबाट फौजका फौज विमानद्वारा पतिहरूका साथ यी देवाङ्गनाहरू कहाँ गइरहेका छन् ? सतीले श्रेणीबद्ध विमान गएको देखेर सोधिन्। तिम्रो पिताको महायज्ञमा भगवान् शिवले सहजभावले बताइदिनुभयो- मेरो बाबुकहाँ महायज्ञ छ भने म हेर्न जान्छु। हजूर मलाई लिएर हिँड्नुहोस्। सती उत्सुक भइन्- के भयो निमन्त्रणा नआएर बुबाले धेरै काम भएकाले बिर्सनुभयो होला, आमा-बाबुको घर जान निम्तो किन चाहियो ?

भगवान् शङ्करले धेरै सम्झाउनु भयो तर सती रोकिन चाहन्न थिइन्। उनी एक्लै गइन्। भगवान् शङ्करले उनको साथ आफ्ना गण पठाउनुभयो। माइत पुग्नेबित्तिकै आमाले छोरीको स्वागत गरिन्। बहिनीहरूले पनि भेटे, तर दक्षले कुरा नै गरेनन्। अरूले पनि बोलेनन् सती यज्ञशाला जाँदा यो देखिन्। अरू देवताहरूका लागि आसन छ, यज्ञमा उनीहरूको भाग छ तर भगवान् शङ्करको यज्ञमा कतै भाग नै छैन। उनलाई यज्ञबाट बहिष्कृत गरिदिएको रहेछ।

"म यस्ता शिवद्रोही पिताबाट जन्मेको यो देहलाई धारण गर्दिन"। क्रोधमा उद्दीप्त सतीले दक्ष तथा सभासद्हरूलाई धिक्कारिन् र फेरि देहत्याग गर्ने निश्चय गरेर यज्ञ मण्डपमा नै उत्तर दिशामा आसन लगाएर बसिन्। भगवान् शिवको ध्यान गरेर योगाग्निमा उनले शरीरलाई भष्म गरिन्।



विश्वमा यो आत्माहुति नारीको पहिलो घटना थियो। यसपछि क्रुद्ध शिव-गणहरूको उत्पातलाई एकचोटि महर्षि भृगुले मन्त्रबलद्वारा रोके, तर सतीको देहत्यागको समाचार पाएर भगवान् शङ्करले वीरभद्रलाई प्रकट गराएर पठाए। वीरभद्रले यज्ञ नष्ट गरिदिए। दक्ष मारियो, देवताहरूलाई चोट लाग्यो र अन्तमा दक्षलाई बोकाको टाउको जोडेर जीवित गराइयो। भगवती सतीले फेरि हिमालयकन्या भएर जन्म लिइन् र तपस्या गरेर उनले फेरि पतिरूपमा शङ्करलाई प्राप्त गरिन्।

# "नारीधर्म तथा पूरूषधर्म"

नागाधिराज हिमालयकी कन्याले भगवान् आशुतोष प्राप्तिका लागि बाल्यावस्थामा नै उग्र तप गरिन्। तपस्या कहिल्यै असफल हुँदैन तर तपस्वीको निष्ठा परीक्षाको कसौटीमा जाँच्नुपर्छ। उमा पनि यसको अपवादमा परिनन्। यही परीक्षा नै निष्ठालाई उज्ज्वल एवम् प्रख्यात गर्ने हुन्छ। भगवान् शङ्कर प्रसन्न हुनुभयो। उहाँले सप्तर्षिहरूलाई सम्झेर उहाँहरूलाई आदेश दिनुभयो। तिमीहरू पार्वती कहाँ गएर उनको प्रेमको परीक्षा लेओ, सप्तर्षि आएर उनीहरूले राम्रो नराम्रो कुरा भने-

गिरिराज कुमारी ! तिमी कहिले नारदको बहकाउमा पर्‍यौ ? नारद अझै घरद्वार नभएको यता-उता घुम्नेवाला हुन्। उनलाई त सबैलाई आफू जस्तो बनाउन मन लाग्छ। के तिमीलाई थाहा छैन ? शिव त भिक्षुक हुन्; नाङ्गो खरानी घसेको, सर्प बेरेको, भूतप्रेतहरूको साथ रहने विरुपाक्ष हुन्। उनीसँग विवाह गरेर तिमीलाई के सुख मिल्दछ। छोडिदेउ जे भयो भयो। तिमीले व्यर्थ नै यति कठोर तपस्या गर्‍यौ। अब हामी लक्ष्मीकान्त, बैकुण्ठाधिपति त्रिभुवन मनोहर श्रीनारायणसँग तिम्रो विवाह गरिदिन्छौं। तर, व्यर्थ थियो सप्तर्षिहरूको यो प्रयास र प्रलोभन। पार्वतीले बडो दृढताले स्पष्टसँग भनिन्-



महादेव अवगुण- भवन विष्णु सकल-गुणधाम होलान् तर जे गरेर मानिस रमाउँछ सम्झ त्यही हो उसको काम।

अब मैले आफूलाई शम्भुको हातमा सुम्पें। उनीबाहेक दोस्रो कसरी विचारूँ। कोटी जन्म भए पनि मेरो पति शम्भु नै बनून्। नत्र कुमारी नै रहिरहूँ।

श्री पार्वतीजीले सप्तर्षिहरूको कुराको खण्डन या विवाद गरिनन् तर आफ्नो निष्ठामा अचल एवम् सुस्थिर रहिन्। यही

स्थिरता, यही निष्ठा थियो जसले उमालाई भगवान् शङ्करको आधा अङ्गमा स्थान दियो। उनी चन्द्र मौलीश्वर अर्ध नारीश्वर बने पार्वतीलाई आफ्नो शरीरमा निवास दिएर।

भगवती पार्वती सतीहरूको परम आदर्श र परमाराध्य हुन्। उनको स्मरण र उनको अर्चनाले नारीलाई सतित्त्वमा स्थिर रहने शक्ति दिन्छ। ३६

स्वयम्भू मनुकी दौहित्री, भगवान् ब्रह्माकी नातिनी, प्रजापति कदमकी छोरी तथा सांख्य शास्त्रका प्रवर्तक भगवान् विष्णुको अवतार सिद्धेश्वर कपिलकी जेठी दिदी अनुसूयाजी महर्षि अत्रिकी पत्नी हुन्। यिनको पातिव्रत्यको महिमा अपार छ। दीर्घकालीन अकाल परेको थियो चित्रकुटको त्यो प्रदेशमा। त्यहाँ महर्षि अत्रिले आश्रम बनाएका थिए। महर्षि लामो अवधिदेखि नै समाधिमा स्थिर थिए र अनुसूया उनको सेवामा। महर्षिको समाधि भङ्ग भयो। उनले अनसूयासँग भने-देवी पानी ल्याऊ।

अनुसूयालाई अहिले ध्यान आयो उनले आफ्नो लागि खाना र पानीको बारे यतिका दिनसम्म सोचेकी नै थिइनन्। पतिदेवको आसपासको ठाउँ सफा गर्नु, उनको गार्हपात्य अग्निलाई जलाइराख्नु र उनको ध्यान गर्नु। यसको अतिरिक्त आफ्नो शरीरको स्मरण नै उनलाई आएन। अत्रिजीले कमण्डलु उठाउनुभयो, उनी गुफाबाट बाहिर निस्किन्।

अचानक के देखिन् भने रूखमा पातसम्म थिएन। भुंइमा झार थिएनन्। वनमा खाली सुकेका ठूटामात्र थिए र कुनै पशुपक्षी त के क्षुद्र जीव पनि देखिँदैन थिए। बाईस वर्षको अनावृष्टिले आर्द्रताको चिह्नसमेत मेटिदिएको थियो। यस्तो समयमा पानी कहाँ पाउनु, तर

लोग्नेले पानी मागेका थिए। पतिव्रताले के उत्तर दिऊन्, पानी कतै छँदै छैन ! पृथ्वीमा अन्न होस्, जल होस् त सामान्य प्राणीको पोषण हुन्छ तर जो धर्ममा स्थिर हुन्छ उनको पोषण गर्ने दायित्व त धर्ममा हुन्छ। उसलाई प्रकृतिले कुनै पनि अवस्थामा कहाँ आबद्ध गर्दथिन् र !

भगवती त्रिलोचनमौलि मण्डिनी विष्णो पादोम्वजा जान्हवी आमा। म तपाईंको आवाहन गर्दछु।

अनुसूया तिमीलाई पुकार्दछिन्। आउनुहोस् आमा। यी बच्चीलाई आफ्नो आराध्य-अर्चनाका लागि पानी दिनुहोस्। देवी अनसूयाले क्षणभरका लागि आँखा बन्द गरिन्। उनले आँखा खोलेर जब हेरिन्, उनी जहाँ उभिएकी थिइन् त्यहाँ उनको पैताला नजिकै र वरिपरि शत सहस्त्र धारामा निर्मल गंगाजलको धारा फुटेर निस्किरहेथ्यो। आजसम्म पनि चित्रकुटको अत्रि आश्रममा सयौं धारामा झरिरहेछ त्यो अमृत सरहको जल जो एउटै ठाउँमा मिलेर मन्दाकिनीको प्रवाह बन्दछ।

अनुसूयाजीले जल ल्याएर दिइन्। "देवी ! यस्तो सुखा लागेको वनमा तिमीले जल कहाँ पायौ ?" अत्रिमुनिले सोधे र महर्षि अत्रिले आचमन गरे, तर जब उनी गुफाबाट बाहिर आए। आफ्नो चारैतिरको अवस्था देखेर छक्क परे। पत्नीसँग उनले पानीको उद्गम जान्न चाहे। अनुसूयाजीले विनम्र भावले भनिन्- "हजुरको श्रीचरण नै यो जलको उद्गम स्थान हो"। नारीका लागि त पति नारायणको प्रत्यक्ष मूर्ति नै हो। यी श्रीचरणहरूको प्रभावलाई देखेर त्रिभुवनमा केही पनि अलभ्य अथवा अकल्पनीय छैन। अनुसूयाजीले शिर झुकाएर भनिन्।



केही समयमा देवलोकमा मात्र होइन कैलाश, ब्रह्मलोक तथा बैकुण्ठसम्म देवी अनुसूयाको यशोगाथा गुञ्जियो। उमा, रमा, ब्रह्माणीलाई पनि ईर्ष्या भयो। उनको पातिव्रत्य धर्मको प्रशंसा सुनेर

# "नारीधर्म तथा पूरूषधर्म"

पत्नीहरूको आग्रहले शिव, विष्णु तथा ब्रह्माजी विवश भई अनुसूयाको धर्म-परीक्षा लिनलाई प्रस्थान गरे । तिनीहरू बेग्ला-बेग्लै रूपले प्रस्थान गरेका थिए तर संयोगले यस्तो भयो, चित्रकुटमा पुग्नुभन्दा अगाडि मार्गमा नै एकसाथ हुन पुगे । तीनैजना छद्मभेषी थिए ।

महर्षि अत्रि वनमा फल समिधादि लिन गएका थिए । तीनैजना तेजस्वी अतिथि एकैचोटी नै उनको आश्रममा पुगे । तीनै जनाले भने 'हामी ज्यादै भोका छौँ ।' अनुसूयाजीले उनीहरूको आसन र जलले स्वागत गरिन् । तर, अतिथिहरूले एउटा अद्भुतको कुरा भने 'जबसम्म तपाईं नाङ्गी भएर आहार दिनुहुन्न, हामी त्यसलाई खाँदैनौं ।'

'ठीक छ' अनुसूया गम्भीर भइन् । स्त्री आफ्नो पतिको सम्मुख नाङ्गी हुन्छिन् अथवा शिशुको अगाडि, जो उनको पेटबाट जन्मन्छन् । अन्य पुरुषको सम्मुख सती निर्वस्त्र कसरी हुन्छिन् ? यस्तो विचार आउने बित्तिकै ती सती शिरोमणिको आँखा एकैछिन् बन्द भयो । उनको सतित्त्वको अगाडि त त्रिदेवहरूको माया पनि आवरण बन्न सकेन । वास्तविकता के हो ? उनलाई तत्काले थाहा भयो । उनको ओठमा मन्द मुस्कानको भाव आयो । 

"तिमीहरू तीनजना नै नवजात शिशु बन ?" अनुसूयाले हातमा जल लिएर तीनै जनामाथि छ्यापिन् । त्रिदेव साना बालक बनेर बाल-सुलभ चेष्टा गर्न लागे । अब आमा उनीहरूलाई कसरी राख्दछिन्, कसरी दूध पिलाउँछिन्- यसको प्रश्न कहाँ रह्यो ?, "यस्तो खान्छौं" भन्न अब त्यहाँ को रह्यो । महर्षि आए र पत्नीले उनलाई तीन पुत्र पाएको मङ्गल समाचार दिइन् । अत्रि आश्रम तीन बालकको क्रीडाले मुखरित भयो, तर कैलाश, बैकुण्ठ, ब्रह्मलोकमा लामो प्रतीक्षा असह्य भयो । जब प्रतीक्षा असह्य भयो अनि तीनैजनाका श्रीमतीलाई अत्रि आश्रम आउन नै पर्‍यो ।

# ''नारीधर्म तथा पूरूषधर्म''

"हामी तपाईंका बुहारी हौँ। हाम्रो अपराध क्षमा गर्नुहोस्।" तीनवटीले देवी अनुसूयाको चरणमा शिर राखे- "अब हाम्रा स्वामी हामीलाई दिनुहोस्।" यस्तो अनुग्रह गरे। यस्तो प्रार्थना गर्दा अनुसूयाजीले त्रिदेवीहरूलाई उनीहरूको वास्तबिक स्वरूप दिइन्, तर तीनवटालाई नै माता अनुसूयाको वात्सल्यको स्वाद लागेको थियो। शिव, विष्णु तथा ब्रह्माजी उनीलाई छोड्न तत्पर थिएनन्। अतएव अंशले उनीहरू महर्षि अत्रिका छोरा बने। भगवान् विष्णुको अंशले दत्तात्रेय, शङ्करको अंशले दुर्वासा तथा ब्रह्मको अंशले चन्द्रमाको रूपमा अवतीर्ण भए।

मर्यादा पुरुषोत्तम श्रीराम जब चित्रकुटबाट दक्षिण जान लागे त्यो बेला महर्षि अत्रिसँग बिदा लिनका लागि उहाँको आश्रम जानुभयो। त्यो बेला अनुसूयाजीले श्रीसीताजीलाई पातिव्रत्य-धर्मको अति सुन्दर उपदेश दिनुभयो। रामायणमा त्यसलाई हेर्नुपर्छ ती उपदेश प्रत्येक नारीले मनन गर्न योग्य छ।

भद्र नरेश अश्वपतिले भगवती सावित्रीको आराधना गरेर एक कन्या प्राप्त गरेका थिए र उनले ती कन्याको नाम सावित्री नै राखेका थिए। उनकी ती कन्या बाल्यवस्थादेखि नै सुशीला, विनयपरायण तथा धर्ममा निष्ठा राख्ने खालकी थिइन्। राजाहरूको मान-मर्यादाको व्यवहारमा जनसाधारणमा भन्दा केही भेद हुन्छ नै। भद्र नरेशकी परम सुन्दरी धर्मज्ञा कन्यालाई कसैले हरण गरेर नलगोस्, बरु स्वयंवर होओस् भन्ने राजाको इच्छा थियो। राजालाई आफ्नी छोरीको आचरण तथा बुद्धिमा विश्वास थियो। उनले छोरीलाई मन्त्रीको साथ पर्यटन गर्नका लागि पठाए। धेरै देशका राजकुमारहरूमध्ये एकलाई वरण गरेपछि उनीसँग नै विवाह गरिदिन सकियोस् भन्ने उद्देश्य थियो।

केही दिनपछि यात्रा गरेर छोरी फर्किइन्। त्यही बेला देवर्षि नारद महाराज अश्वपतिको अगाडि आएका थिए। बाबुको आदेशले देवर्षिको अगाडि नै सावित्रीले आफूले वरण गर्ने व्यक्ति निश्चय गरिन्। धर्मनिष्ठा राख्ने खालकी ती कन्यालाई कुनै राज्यवैभवले लोभ्याउन सक्तैन थियो। उनको हृदयले शाल्वदेशका राजा द्युत्सेनका छोरा सत्यवान्लाई रोजेको थियो। द्युत्सेनको राज्य शत्रुले जितेको थियो। उनी वनमा स्वास्नी र छोरासँग बस्तथे र अन्धा भइसकेका थिए। सत्यवान् नै उनको एकमात्र अवलम्बन थिए। वनमा निर्धनताको जीवन व्यतीत गर्नु, श्रम परे पनि गर्नु, तर शीलवान्, धर्मात्मा, पितृभक्त पति प्राप्त गर्ने निर्णय गरेकी थिइन् भद्र नरेशकी छोरीले।

अचानक देवर्षि नारदको मुख खिन्न भयो। उनले भने- "राजन यसमा शङ्का छैन सत्यवान् रूप, शील तथा सद्गुणमा अद्वितीय छन् तर उनको आयु त एक वर्ष मात्र बाँकी छ।" यो सुनेर राजा अश्वपतिले सावित्रीलाई अर्को वर खोज भने। तर, यसमा सावित्रीले बाबुलाई भनिन्-

सकृदंशो निपतित सकृत् कन्या प्रदीयते।
सकृदाह ददानीति त्रीण्येतानि सतां सकृत्॥

भाइ-भाइको अंशको बण्डा एकचोटि नै हुन्छ। कन्यादान एकचोटि नै गरिन्छ र 'मैले दिएँ'- यस्तो प्रकारको सङ्कल्प पनि एकचोटि नै हुन्छ। यी तीनै कुरा एक-एकचोटि नै गरिन्छ। 

दीर्घायुरथवाल्पायुः सगुणो निर्गुणोऽपि वा।
सकृद्वृतो मया भर्ता नद्वितीयं वृणोम्यहम्॥ (महाभारत-वनपर्व)

"अब त जसलाई मैले वरण गरैं, उनी दीर्घायु हुन् या अल्पायु तथा गुणवान् हुन् या गुणहीन- उनी नै मेरा पति हुन्छन्, कुनै अरू

पुरुषलाई म वरण गर्न सक्तिन, कुनै अरू पुरुषको चर्चा गर्न र सुन्न पनि चाहन्न।" राजकन्याले बडो दृढ स्वरमा भनिन्। उनले पिता अथवा अरू कसैलाई केही भन्ने अवसर नै दिइनन्। यसमा देवर्षिले अनुमति लिएर भन्नुभयो- "तपाईंकी छोरी बुद्धिमती र धर्मज्ञा छन्। उनको इच्छा पूर्ण गर्नुहोस्।" महाराज अश्वपति आफ्नी छोरी तथा विवाह सामग्री लिएर तपोवन पुगे। सत्यवान्का बाबुले उनको सत्कार गरे। उनको अनुमतिले नै सावित्रीको सत्यवान्सँग वनमा नै विवाह भयो। सावित्रीले बाबुले आग्रह गर्दा पनि आभूषण मूल्यवान् वस्त्र लिइनन्।" उनले भनिन्- "वनमा यी सब मेरो लागि कुनै उपयोगी छैनन्।"

छोरीलाई पतिगृह छोडेर राजा अश्वपति फर्के। आफ्नो सेवाले सावित्रीले सासू-ससुरा तथा पतिलाई सन्तुष्ट गरिन्। तर, उनको हृदय देवर्षिको कुरा सम्झेर सधैं व्यथित रहन्थ्यो। जब देवर्षिले बताएको समय आयो, उनले तीन रात निराहार व्रत गरिन्। चौथो दिन बिहान स्नानादि गरेर उनले सासू-ससुरा तथा ब्राह्मणहरूको बन्दना गरेर उनीहरूको आशीर्वाद प्राप्त गरिन्। यो सत्यवान्को आयु पूर्ण भएको दिन थियो। यसदिन जब सत्यवान् वनमा समिधा लिन जान लागे, अनि आग्रह गरेर सासू-ससुरासँग आज्ञा लिएर सावित्री पनि उनीसँग नै गइन्। 

वनमा अलिकति समिधा जम्मा गरेपछि सत्यवान्को टाउको दुख्न लाग्यो। उनी सावित्रीको काखमा सिरान गरेर सुते। अचानक सावित्रीले रातो लुगा लगाएको कृष्ण वर्णको तेजोमय पुरुष आफ्नो अगाडि देखिन्। सावित्रीले उनलाई नमस्कार गरिन्। ती व्यक्ति बोले "म यम हुँ, सत्यवान्लाई लिन आएको हुँ। यिनको आयु पूरा भयो।" यमराज ! मैले सुनेको थिएँ जीवहरूलाई लिन तपाईंका सेवक आउँछन् भनेर।" सावित्रीले सोधिन्। "तिमीले ठीक सुनेकी हौ, तर सत्यवान् पुण्यात्मा छन्।" यमराजले बताउनुभयो, तिमी जस्ति

पतिव्रता नारी अगाडि छ्यौ।" यसैले मेरा सेवक यहाँ आउन सक्तैनन्। मलाई आफैं आउनु पर्‍यो।"

"मेरो गति प्रकृति पनि अवरुद्ध गर्न सक्तिनन्" भनी यमराज सत्यवान्को जीव निकाली हिंड्न लागे। सावित्रीले पति देहको शिर काखबाट तल राखिन् र उठ्दै भनिन्- "जहाँ मेरा पति जान्छन्, म उनको साथै जान्छु।"

पत्नीलाई पतिको अनुगमन गर्नुपर्छ यो कुरा धर्मसङ्गत थियो। सती नारीको गति सूक्ष्म दिव्यलोकसम्म पनि अनवरुद्ध छ र इच्छा गरेमा उनीहरू सशरीर यमलोक जान सक्तछन्, यो पनि यमराज जान्दथे। जहाँ ऋषि पुत्र नचिकेता जान सक्तथे-त्यहाँ सती जान सक्तिनन्, धर्मराजलाई यस्तो भ्रम हुन सक्तैन थियो। अतः उनले भने- "मनुष्यको धर्मपालनको सीमा मर्त्यलोक हो। तिमीले आफ्नो धर्मको सम्यक् पालन गरेकी छ्यौ। यसबाट म प्रसन्न छु। सत्यवान्को जीवनलाई छाडेर कुनै पनि वरदान माग।"

सावित्रीले "मेरो ससुराको नेत्रज्योति प्राप्त होस्।" भनी वरदान मागिन्।

"त्यस्तै होस्, अब तिमी फर्केर जाऊ"- यमराजले भने।

"तपाईं लोकपाल हुनुहुन्छ, वैष्णवाचार्य हुनुहुन्छ। तपाईंको दर्शन एवम् संगत्को लाभ मलाई कहाँ प्राप्त हुन्छ। म तपाईंको साथ छोडेर अहिले फर्किन्न"- सावित्रीले उत्तर दिइन्।



"ठीक छ सत्यवान्को जीवन छोडेर कुनै अर्को वरदान माग" यमराजले फेरि भन्नुभयो।

# "नारीधर्म तथा पूरूषधर्म"

"मेरा ससुराले हारेको राज्य प्राप्त गरून् ।" सावित्रीले वर मागिन् ।

"यस्तै होस् । अब त तिमी फर्क ।" यमराजले आफ्नो पिछा छोडाउन चाहे ।

"सत्य पुरुषसँग सात पाइला हिंड्नाले मैत्री हुन्छ, मैले तपाईंको दर्शन तथा सत्संगको लाभ पाएकी छु । धर्मको महत्त्व अत्यन्त गुढ छ र तपाई यस धर्मको ज्ञाता निर्णायक हुनुहुन्छ ।" सावित्रीले भनिन् ।

"तिमी सत्यवान्को जीवनलाई छोडेर एक वरदान अर्को माग ।" यमराजले सोचे कतै धर्म चर्चा छोडियो भने त यमलोक पुगेर पनि त्यो सिद्धिने आशा हुँदैन, तथा धर्म एवम् सत्संग चर्चा स्वयम् उनलाई प्रिय हुनाले आकृष्ट गरिरहेको थियो अतः त्यसबाट छिटो नै छुट्न सके आफ्नो कर्तव्यपालन सम्भव थियो । ४३

"मेरा निःसन्तान पितालाई उहाँको आफ्नै (औरस) सय छोरा होउन् ।" सावित्रीले पनि वरदान माग्न कुनै सङ्कोच गरिनन् ।

"देवी ! तिमी अब फर्क ।" यमराजले भन्नुभयो ।

"जीवन क्षण भङ्गुर छ । धर्म नै मनुष्यको वास्तविक सम्पत्ति हो । धर्मको नै परम तात्पर्य भगवत् प्राप्ति हो र भगवत्प्राप्तिको पथ सत्पुरुषहरूको सङ्गतले बढ्दछ । मेरो परम सौभाग्य छ आज मलाई तपाईं महाभागवत्को सङ्गतको फाइदा भयो"- सावित्रीले ज्यादै नम्रताले भनिन् ।

"भद्रे ! तिमी कुनै अरू वरदान माग ।" यमराजले यसपटक कुनै प्रतिबन्ध लगाउन नै बिर्से । अनि- 'सत्यवान्बाट मलाई सय

छोरा प्राप्त हुन्' सावित्रीले मागिन् । "तथास्तु, अब तिमी फर्क"- यमराजले भन्नुभयो ।

"फर्किन्छु भगवान् सावित्रीले हात जोडिन् तर मेरो पतिको प्राण फर्काइदिनुस् जेले गर्दा तपाईंको वरदान झुट्टो नहोस् ।"

"धर्म नित्य विजयी छ देवी । जो धर्मको रक्षा गर्छ, उसको धर्म निश्चय मदेखि (मृत्युदेखि) पनि रक्षा गर्दछ । सत्यवान् जिवित होऊ । तिमी सफल काममा छौ ।" यमराजले सत्यवान्को जीवन उनकै देहमा हालिदिए ।

सत्यवान् उठेर बसे । सावित्री पतिसँग आश्रममा फर्किन् । सत्यवान्का बाबुलाई आँखाको ज्योति मिलिसकेको थियो त्यही बेला उनका राज्यका प्रमुख मानिसहरू उनलाई लिन आएका थिए । शत्रु राजालाई प्रजाले विद्रोह गरेर मारेका थिए र आफ्ना धर्मात्मा राजालाई लिन आएका थिए । सावित्रीसँगै सत्यवान्लाई लिएर राजा द्युत्सेन त्यही दिन राजधानी पुगे ।



विदर्भ नरेश राजा भीष्मकी छोरी विवाह योग्य भइन् तथा तिनको सौन्दर्यको प्रशंसा यति फैलिसकेको थियो इन्द्रजस्ता लोकपाल पनि उनीसँग विवाह गर्न उत्सुक थिए । तर, एउटा हाँसद्वारा निषेध नरेशको वर्णन सुनेर दमयन्तीले आफ्नो हृदय उनलाई अर्पित गरेकी थिइन् । राजा नल पनि दमयन्तीको रूप गुणलाई सुनेर उनीसँग विवाह गर्नलाई उत्सुक थिए । दमयन्तीको स्वयम्वर गर्नु थियो । इन्द्र, यम, वरुण र अग्नि-यी लोकपाल पनि स्वयम्वरमा आइरहेका थिए । देवताहरूले नललाई नै आफ्नो दूत बनाएर दमयन्तीकहाँ पठाएका थिए । देवताहरूद्वारा प्रदत्त अन्तर्ध्यान विद्याको प्रभावले नलले अन्तः पुरमा पुगेर दमयन्तीसँग भने- "लोकपालको अगाडि मनुष्य कसरी

तिम्रो रक्षा गर्न सक्तछन्। तिमी यी लोकपालहरूमध्ये कुनै एकलाई वर।" दमयन्ती रुन लागिन्। उनले भनिन्- "मैले हजूरलाई पति मानेकी छु भने देवताले मलाई आशीर्वाद नै दिनुहुन्छ।"

नल फर्केर आए। स्वयम्वर-सभामा नलको अगाडि उनकै रूपमा चारै लोकपाल आएर बसे। वरमाला लिएर जब दमयन्ती आइन् त पाँचवटा नल देखेर चकित भइन्। तर, उनले देवताहरूसँग मन-मनै प्रार्थना गरिन्। सतीसँग छल गर्ने साहस देवताहरूमा थिएन। दमयन्तीले देखिन् एउटा नललाई मात्र पसिना आएको थियो। उनी नै आसनी छोएर बसेका थिए। उनको मालाको फूल ओइलाएको थियो। अत: उनको कण्ठमा नै दमयन्तीले वरमाला लगाइदिइन्।



दमयन्तीले मनोनीत पतिका लागि लोकपाललाई पनि तिरस्कार गरेकी थिइन्। यसले लोकपाल प्रसन्न भए, किनभने देवता धर्मको सहायक हुन्छन्। अग्निले आशीर्वाद दिए 'नल ! तिमीले सम्झनेबित्तिकै म प्रकट हुनेछु'। इन्द्रले प्रत्यक्ष यज्ञमा भाग लिन स्वीकारे। वरुणले इच्छा गर्ने बित्तिकै जल प्रकट हुने र यमले नललाई उनको हातबाट मीठो खाना बन्ने आशीर्वाद दिए। देवताहरू गए। नल पत्नीसँग राजधानी आए। अनेक वर्षसम्म उनीहरूले राजसुखभोग गरे तर नलको जुवा खेल्ने व्यसन थियो। आफ्ना कान्छा भाइ पुष्करसँग जुवा खेल्दा सारा राज्य हारे। दमयन्तीले आफ्ना छोरा-छोरीलाई माइत पठाइदिइन् र आफू पतिसँग राज भवनबाट निक्लिन्।

"जसले नललाई शरण दिन्छ, उसलाई प्राण दण्ड मिल्दछ"- यो घोषणा पुष्करले राज्यमा गरे। जो हिजोसम्म राजा थिए ती नल परम सुकुमारी रानीको साथ शरणहीन भएर हिंड्न लागे। उनले दमयन्तीलाई ज्यादै सम्झाए कि उनी आफ्नो माइत गएर यो विपतमा बसून् तर ती पतिव्रताले सङ्कटमा पतिको साथ छाड्न स्वीकारिनन्।

# "नारीधर्म तथा पूरूषधर्म"

तीन दिन बित्यो दमयन्तीलाई वनमा घुम्दा कुनै आहार मिलेन। चौथो दिन केही सुनौलो प्वाँख भएको पँक्षी देखियो। नलले त्यसलाई पक्रन आफ्नो धोती फ्याँके तर त्यो पंक्षीले धोती नै लिएर उड्यो। नल नाङ्गा भए। दमयन्तीको देहमा पनि एउटै साडी थियो। भोक-प्यासले थाकेर दुवै सुते। राति नल ब्यूँझिए। उनले विचार गरे-मेरो त दुर्भाग्यको दिन छ। मैले गर्दा यी राजकुमारीले दुःख पाइरहिछिन्। म हिंडे भने यिनी थाकेर हार मानी आफैं आफ्नो बाबुको घर जान्छिन्।

नाङ्गो कतै जान सम्भव थिएन। सुतेकी दमयन्तीको आधा साडी नलले च्यातेर त्यही कम्मरमा बेरे र उनलाई सुतेकै ठाउँमा छोडेर हिंडे। दमयन्ती ब्युँझिन्, पतिलाई नदेखेर कराउँदै उनलाई वनमा खोज्न लागिन्। पति वियोगमा पागल बनेकी दमयन्तीले आफू अजिङ्गरको नजिक पुगेको थाहा पाइनन्। अजिङ्गरले उनलाई समातेर निल्न सुरु गऱ्यो। दैवसंयोगले कुनै व्याधा वनमा शिकार गर्न आएको थियो। उसले दमयन्तीको चित्कार सुन्यो र त्यतातिर आयो। अजिङ्गरलाई उसले माऱ्यो, तर दमयन्तीको सौन्दर्यलाई देखेर ऊ काम मोहित भयो। उसले बलात्कार गर्न खोज्यो। ती सतीको क्रोधपूर्ण दृष्टि पर्नासाथ व्याधाको शरीरबाट अग्नि प्रकट भई उसलाई नै भष्म गऱ्यो।

वनमा घुम्दा-घुम्दा दमयन्ती राजा सुवाहुको राजधानी चेदिनगर पुगिन्। त्यही दिन त्यो अवस्थामा बाटोमा हिंडेको देखेर राजमाताले उनलाई आफू छेउ बोलाइन्। सतित्त्वको रक्षाको आश्वासन मिलेर दमयन्ती उनीकहाँ बसिन्। एकै छिनमा परिचय भयो, यो कुरा पत्ता लाग्यो कि दमयन्ती राजमाताको सहोदर बहिनीकी छोरी रहिछन् र उनले अनजानमा आफ्नो ठूली आमाकहाँ नै शरण स्वीकारिछन्। यो परिचय भएपछि राजमाताले प्रबन्ध गरेर दमयन्तीलाई उनका बाबुको घरमा पठाइदिइन्।

# "नारीधर्म तथा पूरूषधर्म"

दमयन्तीलाई त्यागेर नल वनमा गएका थिए। यस यात्रामा उनले दावाग्निले घेरिएको कर्कोटक नाग भेटेका थिए। नलले उसको प्राण रक्षा गरे। अतः दुवैमा मैत्री भयो। कर्कोटकले नलको रूपमा परिवर्तित गरे र के को व्यवस्था पनि गरे भने सो इच्छा हुँदासाथ आफ्नो रूप ग्रहण गर्न सकून्। नागको सम्मतिले नलले आफ्नो नाम बाहुक राखे। उनी त्यहाँबाट अयोध्या पुगे र त्यहाँका राजा ऋतुपर्णले उनलाई अश्वालयको अध्यक्ष पदमा नियुक्त गरे।

बाबुकहाँ पुगेर दमयन्तीले नलको खोजीमा तारैतिर चर पठाइन्। त्यसमध्ये एउटा चर अयोध्या पनि पुग्यो। उनी चतुर ब्राह्मण थिए। उनले बाहुकलाई देखे। बाहुकको व्यवहारले उनलाई सन्देह भयो। उसको विवरण पाएर दमयन्तीले अयोध्याको राजा ऋतुपर्णकहाँ सन्देश पठाइन्- 'म फेरि स्वयम्वर गर्छु, भोलिसम्ममा तपाईं आउनुहोस्,' ऋतुपर्ण चिन्तामा परे। एक दिनमा अयोध्याबाट विदर्भ कसरी पुगिन्छ, तर बाहुकले राजालाई निश्चिन्त गराइदिए। उनले रथ सजाए र ऋतुपर्णलाई रथमा बसाएर हिंडे। रथ वायु वेगले उडाइएको थियो। बाटामा बाहुकले ऋतुपर्णलाई रथ हाक्ने कला सिकाए, तथा बदलामा ऋतुपर्णले पनि बाहुकलाई जुवामा विजय पाउने विद्या बताए।



बाहुकको रथ एकै दिनमा अयोध्याबाट विदर्भ पुग्यो। त्यहाँ अरू कुनै पनि राजा आएका थिएनन्, न स्वयम्वरको नै कुनै आयोजना थियो। दमयन्तीलाई त यही जान्नु थियो कि बाहुक नल नै हुन् या होइनन्।

छोरा र छोरीलाई दमयन्तीले दासीसँगै पठाइन्। बाहुक ती बालकहरूलाई छातीमा टाँसेर रुन लागे। बाहुकलाई भोजन बनाउँदा पानी र आगो आसपास नपाउने व्यवस्था गरिएको थियो। बाहुकले चुलोमा फुक्दा अग्नि देवता प्रकट भए। पानीको भाँडोमा उनले हेरे त त्यहाँ माथिसम्म पानी भरियो। उनले बनाएको भोजन दमयन्तीले

कौशलसँग मगाई खाएर हेरिन्। यमराजजीका वरदानले नलले बनाएको खानामा जुन स्वाद हुन्थ्यो, त्यो कोही कसरी लुकाउन सक्तछ। पूरा परीक्षा गरेर दमयन्ती नल नजिक आइन्। अन्तत: नललाई आफ्नो वास्तविकता स्वीकार गर्न पऱ्यो। उनले आफ्नो वास्तविक रूप धारण गरे।

विदर्भबाट बिदा भएर राजा नल निषध पुगे। उनले पुष्करलाई जुवा खेल्ने हाँक दिए र जुवामा हारेको राज्य जुवामा नै जिते। आफ्नो उदार स्वभावले गर्दा उनले राज्य पाएर कान्छो भाइ पुष्करलाई निर्वासित गरेनन् क्षमा गरिदिए।

महाराज शर्याति दिग्विजय गरेर फर्किरहेका थिए। उनीसँगै उनका राजपुरोहित मधुच्छन्दा पनि थिए। महर्षि विश्वामित्रका छोरा मधुच्छन्दा संयमी, तपस्वी, विद्वान् राजपुरोहित अकारण नै केही उदास भएर रहन लागे। राजाले उनको खिन्नता जान्न चाहे त उनले भने- "मैले पत्नीलाई घर फर्कने समय दिएको थिएँ अब त्यो बेला घर पुग्न सक्तिन। यसले मेरी स्त्रीलाई धेरै दु:ख हुन्छ। उनको दु:खलाई सोचेर नै मेरो मन केही खिन्न झैं भइरहेछ।" 

राजाका लागि यो कुरा हाँसो उठ्दो थियो उनले भने- "तपाईं तपस्वी हुनुहुन्छ, संयमी हुनुहुन्छ, तपाईंलाई त मन माथि अधिकार हुनुपर्छ। मेरी रानी स्थाविष्ठा पनि ज्यादै पतिव्रता छन्। उनको चित्तको आश्रय म नै हुँ। उनलाई पनि मैले फर्कने समय त्यही दिएको थिएँ, जुन समय तपाईंले आफ्नी पत्नीलाई दिनुभएको थियो। म दिक्क छैन। सर्वसाधारण मानिसले झैं तपाईंले पनि स्त्रीको चिन्ता गर्नु यो राम्रो होइन।"

राजाको यो कुराले मधुच्छन्दा न लज्जित भए, न उनलाई रिस नै उठ्यो। उनले भने- "राजन हजूरको कुरा सामान्य दृष्टिले ठीकै

छ, तर लोग्ने-स्वास्नीले एक-अर्कालाई प्रेम गर्नुपर्छ र एक-अर्काको दुःखलाई विचार गर्नुपर्छ। गृहस्थका लागि यो भूषण हो, कुभूषण होइन। मेरी पत्नीको प्राण ममा नै रहन्छ। मबिना उनी एकछिन् पनि जीवित रहन सक्तिनन्। यसैले उनको चिन्ताले मलाई खिन्न पार्छ।" यो सुनेर राजाले पुरोहितलाई प्रसन्न गर्न सेनालाई प्रस्थानको आज्ञा त दिए तर मधुच्छन्दाको कुराले राजालाई आफ्ना ती पुरोहितमा स्त्री आसक्ति लाग्यो। उनले परीक्षा लिने निश्चय गरेर एक दूत तेज गतिमा पुरोहितभन्दा अगाडि घोडामा पठाए। दूत राजसदन पुगे। पति वियुक्ता महारानी तथा राजपुरोहितकी पत्नी एकै ठाउँमा बसेका थिए। राजाको आदेशअनुसार दूतले समाचार सुनाए- "महाराज शत्रु विजय गरेर फर्किरहनुभएको थियो राति एउटा राक्षसले राजा तथा राज-पुरोहितलाई खायो। सेना ज्यादै दुःखी छन्, मलाई ठीक आदेश दिनुहोस्।"

राक्षसले पुरोहितलाई खायो' भन्ने सुन्नासाथ राज-पुरोहितकी पत्नी भुइँमा लडिन् र उनले प्राण छोडिन्। यो कसरी सम्भव हुन्छ ? - केहीबेर स्तब्ध रहेर महारानीले विचार गरिन्। टाउको उठाउँदा दूत गइसकेको थियो कुनै परिहास हो यो, उनले बुझिन्। ब्राह्मण पत्नीको मृत्यु देखेर दूत भागेको थियो। उसले गएर राजालाई भन्यो। राजा व्याकुल भए "म महापापी हुँ। कौतुहलले गर्दा मैले ब्रह्महत्या गरेँ।" 

महाराजले फेरि दूत पठाएर आदेश दिए कि ती सतीको पवित्र देहको रक्षा गरून्। राजपुरोहितलाई सेनासँग राजधानी पठाए। मलाई केही अबेर हुन्छ'- यति भनेर उनी रोकिए। आफैँ गौतमी नदीको किनारमा पुगे, चिता बनाए र देवता ब्राह्मण पितृ आदिको स्मरण, पूजा, तर्पण गरेर चितामा बसे। बलेको आगोमा बसेर राजाले संकल्प गरे- "मैले निष्काम भावले दान, यज्ञ तथा प्रजापालन गरेको भए अग्नि देवता मेरो आयुबाट विप्रपत्नीलाई बचाइदिनुहोस्।"

# "नारीधर्म तथा पूरूषधर्म"

राजाको देह भष्म भयो, त्यसैबेला विप्रपत्नी ब्युँतिन् । राज-पुरोहितलाई बाटामा नै यी दुवै कुरा थाहा भयो । उनी धर्म संकटमा परे मेरो लागि जसले प्राण त्याग्यो ती पत्नीलाई जीवित गर्न आफ्नो आहुति गऱ्यो उसको अनुकरण गर्ने वा नगर्ने भन्ने दोधारमा राज-पुरोहित परे ।

मधुच्छन्दा तपस्वी थिए । तपस्याको ठूलो शक्ति उनीसँग थियो । उनले त्यहीँ सूर्यको रथलाई रोकेर भगवान् सूर्यको स्तुति गरे र भगवान् भाष्करसँग राजालाई जीवित गर्ने वरदान मागे । सूर्यनारायणको वरदानले राजा शर्याति जीवित भए । उनी चिताको खरानीबाट उठे । अनि महाराजको साथ नै मधुच्छन्दाले राजधानीमा प्रवेश गरे ।

गन्धर्वराज विश्वासकी कन्या मदालसाको विवाह राजा शत्रुजितका राजकुमार ऋतुध्वजसँग भयो । राजकुमारले देवताहरूले दिएको घोडामा चढेर ऋषिमुनिहरूलाई दुःख दिने राक्षस पातालकेतुलाई मारेका थिए र त्यो राक्षसद्वारा हरण गरिएकी गन्धर्व कन्या मदालसासँग पातालमा उनको साक्षात्कार भएको थियो । गन्धर्वहरूका पुरोहित तम्वरूले दुवैको विवाह सम्पन्न गरेका थिए ।

पातालकेतु मारियो तर उनको कान्छा भाइ तालकेतु मुनिको भेष गरेर यमुनाको किनारमा आश्रममा बस्न लागे । उनी आफ्नो दाजुको मृत्युको बदला लिने सुरमा थिए । अतः उनले छल गरेर राजकुमारको मृत्युको झूटो समाचार पठाएर मदालसालाई माऱ्यो । राजकुमार पत्नी वियोगले दुःखी भए । उनले अरू केटीसँग विवाह गर्न अस्वीकार गरे ।

# "नारीधर्म तथा पूरूषधर्म"

नागराज अश्वतरका दुई छोरा मनुष्यरूपमा कहिलेकाहीँ पृथ्वी आउँथे । राजकुमार ऋतुध्वजसँग उनीहरूको मित्रता भयो । आफ्नो साथीको दु:खले गर्दा दुवैलाई पनि ज्यादै दु:ख लाग्यो । उनीहरूले कोसिस गरेर सरस्वतीको वरदानले संगीतमा निपुणता पाए र कैलाश गएर आफ्नो गानाबाट भगवान् शङ्करलाई प्रसन्न गराए र उनीसँग मदालसाको फेरि जन्म र पूर्व स्मृति रहने वरदान पाए र यस वरदानको फलस्वरूप मदालसा उनको माझको फणाबाट प्रकट भइन् ।

केही समयपछि राजा शत्रुजितको मृत्यु भयो ऋतुध्वज राजा बने । समयमा नै उनको जेठो छोरो जन्म्यो । राजाले उनको नाम विक्रान्त राखे । भगवान् शिवको वरदानले मदालसा योग विद्याकी ज्ञाता भएर जन्मेकी थिइन् । छोराको नामाकरण देखेर उनी हाँसेर चुप लागिन् । फेरि दुइवटा अरू छोराहरू जन्मिए । राजाले उनीहरूको नाम सुवाहु तथा शत्रुमर्दन राखेका थिए । त्यसबेला पनि महारानी मदालसा हाँसेकी थिइन् ।

एक अति महत्त्वपूर्ण तर रहस्यमय तथ्य यो छ- नारीको सफलता मातृत्वमा छ तर उनको सार्थकता पुरुषलाई मुक्त गर्नामा छ । आफ्ना बच्चाहरूलाई महारानी मदालसा थुम-थुम्याउँदै यस प्रकार गाउँथिन्-

शुद्धोऽसि बुद्धोऽसि निरञ्जनोऽसि  
संसार माया परिवर्जितोऽसि ॥  
संसार स्वप्नं त्यज मोहनिद्रां  
मदालसा वाक्यमुवाच पुत्रम् ॥

'हे छोरा ! तिमी शुद्ध छौ । ज्ञान स्वरूप हौ, निर्मल छौ । संसारको मायादेखि सधैं रहित छौ । संसार स्वप्नवत् छ, अत: मोहनिद्रा त्याग गर ।'

# "नारीधर्म तथा पूरूषधर्म"

जब महारानीको चौथो छोरो भयो। उसको न्वारानको समय आयो राजाले भने "म नाम राख्दछु, तिमी हाँस्तछ्यौ, यसको नाम तिमी नै राख"- महारानीले चौथो (काहिँलो) छोराको नाम 'अलर्क' राखिन्। महारानीले तीनवटै छोराहरूलाई ब्रह्मज्ञानको उपदेश केटाकेटीदेखि नै गराएकी थिइन्। उनीहरू युवक हुनासाथ वीतराग गृहत्यागी भएका थिए। राजाले रानीसँग प्रार्थना गरे- देवी! अब यो छोरालाई पनि ब्रह्मज्ञानको उपदेश गरेर कुलको नाश नगर। यसलाई त प्रवृत्ति मार्गमा लगाऊ।

काहिँलो छोरा जब युवक भयो उसलाई महारानीले धर्म, अर्थ कामको शिक्षा दिइन्। उसलाई गद्दीमा बसालेर दम्पती तपस्या गर्न वनमा गए। जाने बेलामा महारानी मदालसाले छोरालाई एउटा जन्तर दिएर आदेश गरिन्- 'यो जन्तर बुटीलाई घाँटीमा लगाई राख्नु। कुनै विपत्ति आएमा यसलाई खोलेर हेर्नु, यसमा उपदेश पत्र छ, त्यो बेला यही मुताबिक गर्नु।'

गङ्गा यमुनाको किनारमा अलर्कले आफ्नो राजधानी बनाए। केही समय बित्यो। अलर्कका भाइहरूले देखे कान्छो भाइ त संसारको आशक्तिमा नै उल्झिएछ। उसलाई ठीक बाटोमा ल्याउनका लागि सुवाहुले काशिराजको सहायताले उनी माथि आक्रमण गरे। जब शत्रु सेनाद्वारा राजधानी घेरियो तब त्यो संकटकालमा अलर्कले आमाले दिएको जन्तर खोले। त्यसबाट उपदेशपत्र निकाले- "आसक्ति त्याग नै पुरुषको धर्म हो। कामनाहरू नरकका ढोका हुन्। वीर त्यही हो जसले कामनाहरू जित्छ। आफ्ना आत्मस्वरूपलाई चिन्ने इच्छा गर। पुरुषको जीवनको यही ठूलो सफलता हो।" ५२

आमाको उपदेश पढेर अलर्कले शस्त्रहीन भएर आफ्ना दाजु सुवाहुको अगाडि गएर उनको पाउ परी- "तपाईं राज्य लिनुहोस्, मलाई अब यसको आवश्यकता छैन" भने।

# "नारीधर्म तथा पूरूषधर्म"

अलर्कले छोरालाई गद्दी दिए। उनी आफैँ भगवान् श्री दत्तात्रेयको शरणमा गए। यसरी महारानी मदालसाले पतिव्रता धर्मको साथै आदर्श माताको श्रेष्ठ कर्तव्यको पालना गरिन् र आफ्ना सबै छोराहरूलाई परमार्थको प्राप्ति गराइन्। यस प्रकारको उदाहरण तपाईंहरूलाई हिन्दू संस्कृतिभन्दा बेग्लै अरू संस्कृतिहरूमा विरलै नै मिल्दछ। हाम्रा पढेलेखेका हिन्दू नारीहरूले यसलाई गौरवपूर्वक अनुकरण गर्नुपर्छ। 'धन्य छन् हिन्दू माता।'

ऋग्वेदको मन्त्रद्रष्टा ऋषिहरूमा केही विशिष्ट महिलाहरू पनि भएका छन्। ती साहित्यिक एवं अध्यात्मिक जगत्का देदीप्यमान विभूतिहरू हुन्। ऋषि दीर्घतमाकी नातिनी र काक्षिवान्की छोरी घोषा कुष्ठरोगले पीडित थिइन्। यसैले उनीसँग कसैले विवाह गर्न सकेनन्। अश्विनीकुमारले उनलाई यो रोगबाट मुक्त गराए, यसैमा उनले अश्विनी कुमारको एउटा स्तुति गरेकी छन्, अगस्त्य ऋषिकी बहिनीले ऋग्वेदको एउटा मन्त्र देखेकी छन्। अगस्त्य मुनिकी पत्नी लोपमुद्राले रतिको स्तुति गरेकी छन् जसमा आफ्नो पतिसँग पुनर्मिलनको प्रार्थना गरिएको छ। बृहस्पतिकी कन्याको नाममा पनि एक मन्त्र छ। यस प्रकार वागम्मृणी भारद्वाजी आदि अनेक मन्त्रद्रष्टा महिलाहरू पनि छन्। 

यसको अतिरिक्त अनेक ब्रह्मवादिनी महिलाहरूको पनि योगवासिष्ठ तथा उपनिषद् आदि ग्रन्थहरूमा वर्णन मिल्दछ। योगवासिष्ठमा एउटा अति शिक्षाप्रद कथा लीलाको आएको छ। यस कथामा सबैभन्दा ठूलो शिक्षा जुन दिइएको छ, त्यो जीवन्मुक्त स्थितिको विषयमा छ जीवन्मुक्त शरीरमा रहेर पनि बन्धनमुक्त नै

रहन्छ। आसक्ति र हर्ष या विषादले मुक्त रहेर त्यो जीवनको समस्त कर्म गर्दछ। ब्रह्म अर्थात् चित् (चेतन शक्ति) आफ्नो क्रियात्मक रूपले जगत् बन्दछ। ब्रह्म नै आफूलाई म र यी दुई रूपमा मानेर जीव बन्दछ। जीव सूक्ष्म शरीर र इन्द्रियहरूको कल्पना गर्दछ र स्वयं आफ्नो ब्रह्म जगत्को निर्माण गर्छ। सो सबै विस्तार परिणामत हो। माण्डूक्यकारिकामा मनका विषयमा भनिएको छ-

मनो दृश्यमिदं द्वैत यत्किंचसचराचरम्
मनसो ह्यमनीभावे द्वैतं नैवोपलभ्यते ॥



लालावती राज पद्यकी महारानी थिइन्। उनलाई अकस्मात् यो भय भयो कि म भन्दा पहिले नै राजाको मृत्यु हुन्छ कि। यसैले उनले भगवती सरस्वतीसँग के प्रार्थना गरिन् भने उनको पतिलाई मृत्युदेखि पर राख र यदि उनको मृत्यु भए पनि उनको आत्मा उनको महलमा नै रहोस्। अचानक एकदिन राजाको मृत्यु भयो। लीलाले यो आकाशवाणी सुनिन् कि यदि तिमीले राजाको शरीरलाई फूलले घेरे उनीसँग तिम्रो फेरि भेट हुन्छ। लीला ध्यानमा निमग्न भइन्, उनलाई समाधि लाग्यो। उनी सूक्ष्म जगत्मा भ्रमण गर्न लागिन्। उनले पतिलाई त्यहाँ बसेको देखिन्। लीलाले सरस्वतीसँग प्रार्थना गरेर सोधिन् यस अनुभूतिको के अर्थ हो ? सरस्वतीले भन्नुभयो- "काल र आकाश मनको सृष्टि हो। मृत्युपछि जीव आफ्नो स्मृति र प्रवृत्तिहरूको आधारमा कुनै काल्पनिक जगत्को पुनः सृष्टि गर्छ।" लीलाले यसको अरू प्रमाण चाहिन्। सरस्वतीले भन्नुभयो- "स्थूल शरीरको जुन तिमीलाई प्रतीति भइरहेछ, त्यसलाई हटाई देऊ। आफ्ना सबै वासनाहरूबाट मुक्त होऊ। अनि तिमी आफ्नो सूक्ष्म शरीरले चाहे जहाँ घुमफिर गर्न सक्तछ्यौ र सबैको अन्तः करणमा प्रवेश गर्न सक्तछ्यौ।" अनि दुवै आफ्नो सूक्ष्म शरीरले वसिष्ठ शर्मा नाम गरेका गृहस्थको घर गए। यिनीहरूले कुनै राजालाई शिकार

गरेको देखेर स्वयं राजा बन्ने इच्छा गरेका थिए। यिनी मरेर अर्को जन्ममा राजा बने। लीलाले यिनलाई चिनिन्। उनी उनको पूर्वजन्मको पति थिए। लीलाले एकचोटि उनलाई हेर्न चाहिन् अनि सरस्वतीले भन्नुभयो अहिलेसम्म तिम्रो अनेक जन्म भइसक्यो। तिम्रो यस जन्मको पतिको शव तिम्रो महलमा छ। जुन राजालाई तिमीले आफ्नो पूर्वजन्मको पतिको रूपमा चिनेकी थियौ त्यो एक आभास मात्र थियो। यसमध्ये तिमी कसलाई देख्न चाहन्छ्यौ ? अनि लीलालाई बोध (ज्ञान) भयो र यस्तो सबै वासनाहरूबाट उनी मुक्त भइन्। ५५

हाम्रो वासना, कामहरू र चित्तको वृत्तिहरूले नै देह र जगत्को सारा प्रतीति हुन्छ। सरस्वती र लीला आफ्नो सूक्ष्म शरीरबाट अनेक लोकमा गए र अन्तमा त्यो लोकमा आए जहाँ लीलाले पद्मलाई राज्य गरिरहेको देखिन्। दुवैले देखे कि कुनै राजा शत्रु बनेर आफ्नो सेनाहरूसँग पद्मलाई आक्रमण गर्न आइरहेका थिए। पछि सरस्वती र लीलासँग पद्मको भेट भयो। पद्मले बताए मेरो नाम विदूरथ हो। त्यस युद्धमा विदूरथ हारे। उनकी महारानी लीला उनलाई खोज्दै आइन्। अनि लीला अर्की लीलालाई देखेर आश्चर्य चकित भइन्। सरस्वतीले लीलालाई भनिन्- 'यो मनः कल्पित सृष्टिहरूले भ्रान्त नहोउ' अनि दोस्रो लीलाले सरस्वतीसँग वर मागिन्- 'म यही देहमा आफ्नो पतिसँग उनको अर्को जन्ममा मिल्न सकूँ। सरस्वतीले "तथास्तु" भने र वरदान दिइन्। विदूरथको जीवात्मा पद्मको दरबारमा गयो र पद्मको देहमा त्यसले प्रवेश गर्‍यो। अनि सरस्वती र लीला स्थूल शरीरले विदूरथकी स्त्री लीलाको अगाडि प्रकट भए। यी अर्की लीला आफ्नो पूर्व शरीरमा थिइन्। पद्म यसरी उठे र बसे जसरी निन्द्राबाट ब्यूँझिइन्छ। पद्म दुवै लीलाहरूसँग बस्न लागे। भगवती सरस्वतीको कृपाले तीन जनालाई जीवनमुक्ति मिल्यो र मृत्युको पश्चात् विदेह मुक्त भए। यस प्रकार यो स्पष्ट छ कि हामी सबै आफ्नै मन कल्पित सृष्टिको आधारमा संसाररूपी खेलको अभिनय गरिरहेछौं। यदि हामीलाई ज्ञान भएर हामीले आफ्नो

# "नारीधर्म तथा पूरूषधर्म"

वास्तविक आत्मस्वरूपलाई चिने त जीवनको सम्पूर्ण मायाको दृश्य र सुख दुःखबाट छुटेर आत्मज्ञानको अविचल स्थितिमा समभावले स्थिति लाभ गर्छौं।

योगवासिष्ठको निर्वाण प्रकरणमा महारानी चुडालाको कथा पनि आउँछ। महारानी चुडाला र उनका पति शिखिध्वज दुवै धेरै समयसम्म सबै किसिमको सुखले सम्पन्न जीवन व्यतीत गरेर बसे। पछि चुडालाको विवेक जाग्यो र उनको मनमा वैराग्य उत्पन्न भयो र सनातन पुरुष परमात्माको उनलाई साक्षात्कार भयो। महारानी चुडालाको मुखमा विचित्र तेजको प्रकाश देखेर राजालाई ज्यादै आश्चर्य लाग्यो। महारानी चुडालाले उनलाई बताइन्- तेज र प्रेमाकर्षण परमात्माको ज्ञान हो। वसिष्ठजीले चुडालालाई सिद्ध योगिनी भन्नुभएको छ चुडालाको अलौकिक तेज र आकर्षणहरूलाई देखेर राजालाई पनि त्यो परब्रह्म परमात्माको ज्ञानको तीव्र जिज्ञासा उत्पन्न भयो र यो जीवनबाट वैराग्य उत्पन्न भयो। महारानीले उनलाई ज्यादै सम्झाइन् कि यस प्रकारको आवेशी वैराग्यद्वारा लक्ष्य प्राप्ति हुँदैन। आशक्ति त्याग नै मोक्षको साधन हो- तर उनको कुरा नमानेर राजा संसारलाई त्यागेर जङ्गलमा तपस्या गर्न हिंडे। अनि महारानी चुडाला एक ब्राह्मण युवकको रूप धारण गरेर राजासँग भेट्न गइन्। यो ब्रह्मचारी रूपधारीले राजासँग भने- "म कुम्भ हुँ, नारदको छोरा र ब्रह्माको नाति।"



राजाले उनीसँग भने "म राजा शिखिध्वज हुँ। आफ्नो राज्यबाट विरक्त भएर तपस्या गर्न यहाँ आएको, तर मलाई शान्ति मिलेन। मैले जेलाई अमृत सम्झेको थिएँ, मेरो लागि त्यो विष भयो- "अमृतं मे विषम् स्थितम्।"

ब्राह्मण रूपधारी चुडालाले भनिन्- "ब्रह्मासँग मैले यो प्रश्न गरेको थिएँ कि ज्ञान र कर्ममा कुन ठूलो हो ? ब्रह्माले उत्तर दिए "मोक्ष त ज्ञानबाट नै हुन्छ, तर कर्मको त्याग त्यो बेलासम्म गर्नुहुन्न, जबसम्म अन्त:करण शुद्ध भएर ज्ञानको प्राप्ति हुँदैन ।" शिखिध्वजले भने- "मैले सबै कुरा त्यागेको छु ।" अनि चुडालाले सोधिन्- "तिम्रो राजत्व त तिम्रो जीवत्वको कुनै चिर संगिनी थिएन, यो तिमी कसरी भन्न सक्तछौ कि त्यसलाई त्याग्नाले तिमीले सबै कुरा त्याग्यौ ? यो जङ्गलमा पनि तिम्रो बस्ने एक ठाउँ छ, खानका लागि फल र पिउनका लागि पानी छ । अनि तिमी कसरी भन्न सक्तछौ कि तिमीले सबै कुरा त्याग्यौ ?" अनि राजाले भने "ल म आफ्नो पर्णकुटी जल इत्यादि सबै कुरा त्यागिदिन्छु ? चुडालाले भनिन् 'यी सबै वस्तुहरू पनि तिम्रा होइनन् । अनि सर्वत्यागको कुरा तिमी कसरी भन्दछौ ? तिम्रो शरीर त सँगै बनेको नै हो ।" अनी राजाले भने- "म आफ्नो यो मृगछाला, जपमाला र कुटी मात्र होइन आफ्नो यो शरीर पनि नष्ट गरिदिन्छु ।" यो भनेर उनले आफ्नो सबै वस्तुहरूमा आगो लगाइदिए र उनी एउटा पहाडका टुप्पाबाट तल खसेर आफ्नो शरीर पनि नष्ट गर्नलाई तयार भए । अनि चुडालाले भनिन्- "यो सबै गर्न किन आवश्यक छ ? तिमीले त्यो वस्तुको त्याग गर्नुपर्छ, जेले गर्दा तिमीलाई यो शरीर मिल्यो ।" राजाले सोधे- "अनि सर्वत्याग के हो ?" चुडालाले जवाफ दिइन्- "तिमीलाई यदि सर्वत्याग गर्नु छ भने त तिमीले आफ्नो मनलाई त्याग्नुपर्छ ।" राजाले सोधे- "मन के हो ? त्यसको त्याग कसरी गरिन्छ ?" चुडालाले भनिन्- "मन हो तिम्रो सबै वासनाहरूको पोको । असंगतको भावनाद्वारा तथा आत्माको सच्चा स्वरूपको विचार गर्नाले तिमी मनको नाश गर्न सक्तछौ ।" सर्वत्यागको प्रकृत अर्थ अब राजाले बुझे । अनि चुडालाले राजालाई जीवन मुक्तिको उपदेश दिइन् । यो सबै कुरा उनले कुम्भ ब्रह्मचारीको रूपमा र भेषमा गरिन् र पछि आफ्नो रूप धारण गरिन् । चुडालाले राजासँग अनि विवाहित जीवनको महिमा बुझ्ने अनुरोध गरिन् र अग्निलाई साक्षी राखेर विवाह भयो । चुडाला र शिखिध्वज सुख समृद्ध देव दम्पती भए । रातमा उनीहरू चुडाला र

# "नारीधर्म तथा पूरूषधर्म"

शिखिध्वजको रूपमा रहन्थे। बिहान चुडाला फेरि कुम्भ हुन्थिन्। राजा अब आफ्नो राजकाज पनि हेर्न लागे। राजाको चित्त शुद्धि र अनाशक्तिको परीक्षा गर्नका लागि चुडालाले इन्द्रसँग राजाको भेट गराइन्। इन्द्रले राजासँग स्वर्ग आएर त्यहाँको आनन्द भोग गर्नलाई भने तर राजाले उत्तर दिए- "मेरो आनन्दमा यहाँ कुनै कमी छैन।" इन्द्र अनि अन्तर्ध्यान भए। चुडाला र शिखिध्वज आफ्नो राज्यमा फर्केर आए। राजा भएकाले शिखिध्वजले आफ्नो सम्पूर्ण कर्तव्यहरूको पालना गर्न लागे, पानीमा कमलको पातभैँ असक्त र जीवन्मुक्त रहेर। प्रारब्ध सकिएपछि दुवैले आफ्नो शरीर छोडेर विदेह मुक्ति प्राप्त गरे। यस प्रकार हिन्दू संस्कृतिमा अरू पनि अनेक विदुषी र ज्ञान सम्पन्न महिलाहरू हाम्रो समाजमा भए, जसमा हाम्रो महिला समाजले विशेष रूपले गौरव गर्नुपर्छ। ५८

वृहदारण्यक उपनिषद्‌मा पनि मैत्रेयी र गार्गी वाचकनवीको कथा छ। यसबाट थाहा हुन्छ त्यो युगको हिन्दू- नारीहरूको आध्यात्मिक दृष्टि कति सूक्ष्म र गम्भीर थियो याज्ञवल्क्य जब संन्यास लिन सोच्न लागे अनि उनले सवै धन सम्पत्तिलाई मैत्रेयी र कात्यायनी आफ्ना दुई पत्नीलाई बाँडिदिन चाहे। अनि मैत्रेयीले उनीसँग भनिन्- "सा हो वाच मैत्रेयी यन्नु म इयं भगोः सर्वा पृथ्वी वित्तेन पूर्णस्यात्स्मात्नहं तेनामृताऽहो उनेति, नेति हो वाच, याज्ञवल्क्यो यथै वो पकरणवातां जीवितं तथैव ते जीवित ॐ स्यादमृत्तस्य तु नाशास्ति वित्तेनेति। सा हो वाच मैत्रेयी एनाहं नामृता स्यांपमहं तेन कुर्या यदेवं भगवान्वेद देव मे ब्रुहीति। सा हो वाचः याज्ञवल्क्यः प्रिया वै खलु यो भवती सती प्रियम् वृधद्धन्त तर्हि भवत्येत द्वयाख्यास्यामि व्यान्वक्षाणस्थतु मेनिदिध्यासस्वेति भगवन्"। यदि धनले सम्पन्न सारा पृथ्वी मलाई मिले त्यसबाट के म अमर हुन सक्तछु ? याज्ञवल्क्यले भने- हुँदैन, भोग सामग्रीले युक्त मनुष्यको जीवन जस्तो हुन्छ, त्यस्तै तिम्रो पनि जीवन हुन्छ। धनले अमर हुने आशा छँदैछैन। अनि

# "नारीधर्म तथा पूरूषधर्म"

मैत्रेयीले भनिन्- "जेले म अमर हुन्न, त्यसलाई लिएर के गर्नु। तपाईं जेलाई अमरत्वको साधन मान्नुहुन्छ, त्यही मलाई भन्नुहोस्।" अनि याज्ञवल्क्यले भने- निःसन्देह तिमी पहिले पनि मेरी प्रिया रह्यौ र अब पनि तिमीले प्रसन्नतालाई बढायौ। अतः मैत्रेयी म अत्यन्त सन्तुष्ट छु। तिमीलाई यो अमरत्वको साधनको व्याख्या गर्दछु, तिमी मैले भनेको विषयलाई राम्ररी चिन्तन गर अनि याज्ञवल्क्यले उनलाई परम अमृतत्त्वको उपदेश दिए। व्याख्याका लागि वृहदारण्यक उपनिषद्को 'पञ्चम ब्राह्मण'मा हेर अन्तमा मैत्रेयीलाई उपदेश दिए- "ने वा अरे सर्वस्व कामाय सर्व प्रियं भवत्ययात्मनस्तु कामाय सर्वप्रियं भवति। आत्मा वा अरे द्रष्टव्य श्रोतव्यो, मन्तव्यो निदिध्यासितव्यो मैत्रेययात्मनी खल्वरे दृष्टे श्रुते मते विज्ञात इदम् सर्व विदितम्।"

खालि यति नै सम्झ कि सबैको प्रयोजनका लागि सबै प्रिय हुँदैनन्, तर आफ्नो आत्माको नै प्रयोजनका लागि सब प्रिय हुन्छन्। अतः हे मैत्रेयी ! आत्मा नै दर्शन, श्रवणको योग्य, मननको योग्य र ध्यान गर्न योग्य छ। हे मैत्रेयी ! निः सन्देह आत्माको दर्शन, श्रवण, मनन तथा विज्ञात भएमा यी सबै विज्ञात हुन्छन्, किनभने अधिष्ठान आत्मादेखि भिन्न यो अध्यस्त वस्तु केही पनि छैन। ................हे मैत्रेयी ! जुन अविद्यावस्थामा द्वैत झैं प्रतीत हुन्छ, त्यहाँ पनि अरू-अरूलाई देखिन्छ अरू-अरूको रस लिन्छ, अरू-अरूलाई भन्दछ, अरू-अरूलाई छुन्छ र अरू-अरूको मनन गर्दछ, अरू-अरूलाई विशेष रूपले जान्दछ। यसको विपरीत जहाँ यस विद्वान्को दृष्टिमा सबै आत्मा नै भयो, त्यहाँ केले केलाई छोयो र केले केलाई जान्यो। पुरुष जेद्वारा यी सबैलाई जान्दछ, उसलाई कसरी केद्वारा जान्ने ? त्यो यो 'नेतिनेति' यस प्रकार बताइयो। आत्मा अग्राह्य छ, त्यसको ग्रहण हुँदैन। अशीर्य छ, त्यसको विनाश हुँदैन। असँग छ त्यो कहीं पनि आशक्त हुँदैन। अवध्य छ, अतः त्यो पीडित र क्षीण हुँदैन। हे मैत्रेयी ! विज्ञातालाई केबाट जान्ने ? यस प्रकार मैले तिमीलाई उपदेश गरें। मैत्रेयी ! तिमी निश्चय जान, यही नै अमृतत्त्व हो। यति भनेर याज्ञवल्क्य संन्यासी भए।

# "नारीधर्म तथा पूरूषधर्म"

एउटा अर्को अवसरमा राजा जनकले सुवर्ण मण्डित सिंग भएका एक हजार गाई यस्तो पुरुषलाई दिने संकल्प गरे, जो श्रेष्ठ आत्म विद्याको ज्ञाता होस्, अनि याज्ञवल्क्यले आफ्ना चेलालाई भने यी गाईहरूलाई मेरो घरमा पुऱ्याइदेउ, धेरै विद्वान्हरू त्यो सभामा उपस्थित थिए, उनीहरूले याज्ञवल्क्यको यो चेष्टामा आपत्ति गरे र उनीहरूले यस्तो प्रश्न गर्न लागे, जुन प्रश्नले सबैको बुद्धि चक्कऱ्याउँथ्यो। यसमा विदुषी गार्गी पनि थिइन्। उनले पनि अनेक प्रश्न गरिन्। ६०

"अथ हैन गार्गी वाचकनवी पप्रच्छ याज्ञवल्क्येति हो वाच यदिदं सर्वभपस्वोतं च प्रोतं च कस्मिन्नु खल्वाप ओताश्च प्रोताश्चेति वायौ गार्गीति, कस्मिन्नुखलु वायुरोतश्च प्रोतश्चेत्यन्तरिक्ष लोकेषु, गार्गीति कस्मिन्नु खल्वन्तरिक्षलोका ओताश्च प्रोताश्चेतिगन्धर्व लोकेषु, गार्गीति कस्मिन्नु खलुगन्धर्व लोका ओताश्च प्रोताश्चेत्यादित्य लोकेषु गार्गीति................।" फेरि ती याज्ञवल्क्यसँग वाचकनवी पुत्री गार्गीले सोधिन्- हे याज्ञवल्क्य यो पार्थिव वस्तु समुदाय छ सबै जलमा ओतप्रोत छ अर्थात् वस्त्रमा तन्तु समान ओतप्रोत छ त जल केमा ओतप्रोत छ ? याज्ञवल्क्यले भने हे गार्गी ? वायुमा जलीय या पार्थिव वस्तुको आश्रय नलिई अग्निको स्वरूप सिद्ध हुँदैन। यसैले अग्निको ओतप्रोत भाव सिद्ध हुँदैन। गार्गीले भनिन् वायु केमा ओतप्रोत छ ? याज्ञवल्क्यले भने- 'हे गार्गी ? अन्तरिक्ष लोकमा।' गार्गीले भनिन्- अन्तरिक्ष लोक केमा ओतप्रोत छ ? याज्ञलल्क्यले भने "हे गार्गी ? आदित्य लोकमा।" गार्गीले सोधिन्- "आदित्य लोक केमा ओतप्रोत छ ?" याज्ञवल्क्यले जवाफ दिए- "हे गार्गी ? नक्षत्र लोकमा। गार्गीले फेरि सोधिन्- नक्षत्र लोक केमा ओतप्रोत छ ?" उनले जवाफ दिए 'देवलोकमा।' फेरि सोधिन्- देवलोक केमा ओतप्रोत छ ? हे गार्गी ? ब्रह्मलोकमा।' "ब्रह्मलोक केमा ओतप्रोत

छ ?" यसमा याज्ञवल्क्यले भने- हे गार्गी ? तिमी धेरै प्रश्न नगर अनि वाचकनवीकी छोरी गार्गी चुप लागिन्।

यस पछि अरुणी उद्दालक याज्ञवल्क्यसँग आत्मस्वरूपको विषयमा केही प्रश्न गरेर निवृत्त भए। अनि एकचोटि फेरि गार्गी ब्राह्मणहरूलाई सम्बोधन गरेर बोलिन्- "अथ हो वाचक्नव्युवाच ब्रह्मण भगवन्त "हन्ताहमिमं द्वौ प्रश्नौ प्रक्ष्यामी तौ चेन्मे वक्ष्यति नवै जात युष्माकमिमं कश्चिद् ब्रह्मोघं जेतेति, पृच्छ गार्गीति। साहोवाचाहं वै त्वा याज्ञवल्य यथो कायो वा वैदेहो वोग्रपुत्र उज्यं धनुरधिज्य कृत्वा द्वौ वाणवन्तौ सपत्नाति व्याधिनौ हस्ते कृत्वो पोत्तिष्ठेविभे वाहंत्वा द्वाभ्यां प्रश्नाभ्यामुपोदस्थां ता मे ब्रूहीति," पृच्छ गार्गीति।

फेरि वाचकनवीले भनिन्। पूजनीय ब्राह्मणहरू ! अब म यिनीसँग दुई प्रश्न सोद्धछु। यदि यिनीहरू मेरा ती प्रश्नहरूको जवाफ दिन्छन् त फेरि तिमीहरूमध्ये कसैले पनि यिनलाई ब्रह्मसम्वन्धी कुरामा जित्न सक्तैनौ। अनि ब्राह्मणहरूले भने- "हुन्छ गार्गी सोध।" अनि गार्गीले भनिन्- "याज्ञवल्क्य जुन प्रकार काशी या विदेह नगरमा बस्ने कुनै वीर वंशज पुरुष प्रत्यंचाहीन धनुमा ताँदो चढाएर शत्रुहरूलाई अत्यन्त पीडा दिने खालको फणावाला शर हातमा लिएर खडा हुन्छ, त्यसरी नै म दुई प्रश्न लिएर तिम्रो अगाडि उपस्थित हुन्छु, तिमी मलाई त्यसको उत्तर देऊ। "यसमा याज्ञवल्क्यले भने- "गार्गी सोध।"

उनले सोधिन्- "याज्ञवल्क्य ? जुन द्युलोकभन्दा माथि छ, जुन पृथ्वीभन्दा तल छ र जुन द्युलोक र पृथ्वी लोकको बीचमा छ र आफैं पनि जुन यो द्युलोक र पृथ्वी हो तथा जेमा भूत, वर्तमान र भविष्य यसरी भनिन्छन् ती सबै केमा ओतप्रोत छन् ?"



अनि याज्ञवल्क्यले भने- "गार्गी ? जुन द्युलोकभन्दा माथि, पृथ्वीभन्दा तल र जुन द्युलोक र पृथ्वीको बीचमा छ तथा आफू पनि

जो द्युलोक र पृथ्वी हो र जेमा भूत, वर्तमान र भविष्य यस प्रकार भन्दछन्, ती सबै आकाशमा नै ओतप्रोत हुन्छन् ।" अनि गार्गीले भनिन्- "याज्ञवल्क्य ? तपाईंलाई नमस्कार छ, जसले मलाई यो प्रश्नको उत्तर दियो अब अर्को प्रश्नका लागि तयार हुनु पर्‍यो ।" अनि याज्ञवल्क्यले भने- "गार्गी सोध ।"

अनि गार्गीले भनिन्- "तर आकाश केमा ओतप्रोत छ ? त्यसमा याज्ञवल्क्यले भने- "गार्गी ? त्यो यस तत्त्वलाई त ब्रह्मवेत्ता अक्षर भन्दछन्, त्यो न मोटो छ, न दुब्लो छ, न सानो छ, न ठूलो छ, न रातो छ, न झोल छ, न छाया हो, न अन्धकार हो, न वायु हो, न आकाश हो, न भगवान् हो, न रस हो, न गन्ध हो, न नेत्र हो, न कान हो, न वाणी हो, न मन हो, न तेज हो, न प्राण हो, न मुख हो, न नाक हो, त्यसमा न भित्र छ, न बाहिर छ, त्यो केही पनि खाँदैन, उसलाई कोही पनि खाँदैनन् । यज्ञ गर्छ र अनेकौं सहस्र वर्षपर्यन्त तपस्या गर्छ, उनीहरूको सबै यो कर्म अन्तवाला नै हुन्छ । जो कोही पनि यस अक्षरलाई नजानी यो लोकबाट मर्दछ, त्यो कृपण (दीन) हो र हे गार्गी ? जो यस अक्षरलाई जानेर यो लोकबाट मर्दछ, त्यो ब्राह्मण हो । हे गार्गी ? यो अक्षर स्वयं दृष्टिको विषय होइन, तर द्रष्टा हो, श्रवणको विषय होइन, तर श्रोता हो मननको विषय होइन तर मन्ता हो स्वयं अविज्ञात रहेर अरूको विज्ञाता हो । यो भन्दा बेग्लै कुनै द्रष्टा छैन । यो भन्दा बेग्लै कुनै मन्ता छैन र यो भन्दा बेग्लै कुनै विज्ञाता छैन । हे गार्गी ? निश्चय यो अक्षरमा नै आकाश ओतप्रोत छ ।"



"सा हो वाच ब्राह्मण भगवन्तस्तदेव वहु मन्येध्वं यदस्मान्न मस्कोरण मुच्येध्वं न नवै जातु युष्माकमिनं कश्चिद् ब्रह्मोद्यं जेतेति, हे गार्गी ? यो अक्षरको नै प्रशासनमा सूर्य चन्द्रमा विशेष रूपले धारण गरेर स्थित हुन्छ । हे गार्गी ? यो अक्षरको नै प्रशासनद्वारा द्युलोक र पृथ्वीमा विशेष रूपले धारण गरेर स्थित हुन्छ । हे गार्गी ? यो अक्षरलाई नै प्रशासनमा निमेष, मुहूर्त, दिन, रात पक्ष (अर्धमास), ५ महिना, ऋतु र संवत्सर विशेषरूपले धारण गरेर स्थित रहन्छ । हे

गार्गी ? यो अक्षरको नै प्रशासनमा पूर्व-वाहिनी र अरू नदीहरू श्वेत पर्वतदेखि बहन्छन्, त्यसको अनुसरण गरिरहन्छिन्। हे गार्गी ? यो अक्षरको नै प्रशासनमा मनुष्य दाताको प्रशंसा गर्दछ, तथा देवगण ? यज्ञमानको र पितृगण दर्वीहोमको अनुवर्तन गर्दछन्। हे गार्गी ? जो कोही यो लोकमा यो अक्षरलाई नजानेर हवन गर्छ वाचक्नव्युरम्। इत्यष्टमं ब्राह्मणम् ॥ गार्गीले भनिन्- "हे पूजनीय ब्राह्मणहरू तपाईं यसलाई धेरै बुझ्नुहोस्, जो यसबाट नमस्कार गरेर छुटकारा पाउन्। तपाईंहरूमध्ये कोही पनि यी याज्ञवल्क्यलाई ब्रह्मवादमा जित्न सक्नुहुन्न।" यस पछि वाचकनवीकी छोरी चुप भइन्।

सुसंस्कृत, विदुषी र ज्ञान सम्पन्न महिलाहरूको परम्परा हिन्दू संस्कृतिमा त्यो बेलादेखि आजसम्म निरन्तर चलेर आएको छ। श्रीमद्भागवतमा ब्रज गोपिनीहरू र ऋषि पत्नीहरूको जुन कथा आउँछ त्यसबाट यो बुझिन्थ्यो कि पुरुषहरूको अपेक्षा स्त्रीहरूमा नै यो अलौकिक ज्ञानको परम्परा ज्यादै सुन्दर रूपमा रहेर आइरहेछ।

भगवान्सँग हार्दिक प्रार्थना छ : सुसंस्कृत, विदुषी र ज्ञान सम्पन्न सन्त महिलाहरूको यो समादरणीय परम्परा हिन्दू धर्ममा सधैं फलोस् फुलोस् तथा सबै देशहरूमा र जातिहरूमा सबै कालमा मानव-जातिको अगाडि यो आदर्श बनिरहोस्।

पुरुष मानव जहिले पनि विनाशको एक महान् साधक रहेको छ, पुरुष सन्त पनि कहीं-कहीं श्रृंखलित भएको छ। तर, सन्त महिलाहरूमा प्राणीमात्रका लागि करुणा र ईश्वरप्रति भक्ति सदा-सर्वदा अक्षुण्ण रहेको छ।

या देवी सर्व भूतेषु मातृरूपेण संस्थिता।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः ॥
चितिरूपेण या कृत्स्नमेतद्व्याप्य स्थिताजगत्।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः ॥

-हरि ॐ तत्सत्-